दलित गैसस महासंघको मुखपत्र

# मुक्तिको आवाज

वर्ष : १३, अंक : १, २०६९ असोज

सल्लाहकार

गजाधर सुनार, टेकबहादुर रैका, रामलखन हरिजन, नन्द विश्वकर्मा, निर्मला गुप्ता वादी, गोपाल लाकान्द्री, सेवल राम, जे.बी. विश्वकर्मा, पुष्पकर खाती, अमृत विश्वकर्मा, जितेन्द्र पासवान

सम्पादक

सुशील विके

सम्पादन सहयोगी

सरोज दिलु विश्वकर्मा

संयोजन

सुमन पौडेल
कृष्ण गहतराज
पोम्पा सुनार

प्रकाशक

दलित गैरसरकारी संस्था महासंघ (DNF)
ताल्छीखेल, सातदोबाटो, ललितपुर
पोष्ट बक्स नं. ५२५१, काठमाडौं
फोन नं. ०१-५५२७५५९
Email: dnf@dnfnepal.org
newsdnf@gmail.com
www.dnfnepal.org

लेआउट

तिलबहादुर सुनार
९८४१८११६८७

## यस अंकमा

सम्पादकीय

*छुवाछुत अन्त्यका लागि लगानी आवश्यक*

आवरण

*संविधानसभा विघटनपछिको अवस्था र दलित*

गतिविधि

*केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठक*
*पाँच वर्षे रणनीति निर्माणका लागि कार्यशाला गोष्ठी*
*संविधान निर्माण प्रक्रियामा खबरदारी*
*मनवीर सुनार र सेते दमाईको हत्याको विरोध*
*सेते दमाईको त्रिसंश हत्या*
*शिवशंकरको हत्या विरूद्धमा महासंघ*
*१०२ औं अन्तर्राष्ट्रिय नारी दिवस*
*४७ औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मुलन दिवस मनाइयो*
*राष्ट्रिय योजना आयोगमा ज्ञापनपत्र पेश*
*संस्थागत क्षमता विकासका कार्यक्रमहरू*
*महासंघ र निर्वाचन आयोगबीच राजनीतिक पार्टी दर्ता ऐनका सम्बन्धमा छलफल*
*छुवाछूत मुक्त घोषणा कागजमा मात्रै सीमित*
*क्षेत्रीय कार्यालयहरूमा सूचना केन्द्रको स्थापना*
*दलित सशक्तीकरण परियोजनामा नयाँ म्यानेजर नियुक्ति*
*कार्ययोजना निर्माण कार्यशाला गोष्ठी सम्पन्न*
*संस्थागत विकास तालिम सम्पन्न*
*जीविकोपार्जनमा महिला*
*दलित विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण*
*लहानका दलितलाई सहकारी तालिम*
*दलितलाई स्वास्थ्य सेवामा सहयोग*
*आर्थिक विकासका सम्भावनामा अध्ययन*
*स्थानीय निकायमा दलितका लागि बजेट निर्धारण*
*छायाँ दलित परिषद् गठनको माग*
*रेडियो कार्यक्रम*
*कालोमोसो दलिएको घटनाविरूद्ध अभियान*
*जातीय आधारमा घर निकाला र महासंघको पहलमा न्याय*
*'डुम' भन्दा पीडकलाई जरिवाना*
*नागरिकता शिक्षा अभियान*
*दलितको नागरिकता समस्याबारे अन्तर्कृया*
*मतदाता शिक्षा अभियान*
*राष्ट्रिय जनगणना अभियान*
*अन्तर्राष्ट्रिय भ्रमण*
*छोराले अन्तरजातीय विवाह गर्दा बुबाको हत्या*
*चुरोट सल्काएको निहुँमा हत्या*
*अन्तरजातीय प्रेमका कारण दलित युवकको हत्या*

# छुवाछुत अन्त्यका लागि लगानी आवश्यक

हुनत नेपालमाहजारौं वर्ष देखि व्याप्त रहेको सामाजिक कुसंस्कृतिको उपमादलितहरू माथिगरिने जातीय छुवाछुत तथा भेदभावअन्त्यभएको घोषणा नेपालमा २००७ सँल पछि प्रजातन्त्रउदयभएपश्चात पटक-पटक गरिदै आएको छ । यस्को पछिल्लो संस्करण जनआन्दोलनभाग-२ पछि आजभन्दा ६ वर्ष अगाडी पुर्नस्थापित संघद्धारा नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरिएकै सन्दर्भसँग जोडिन आउंछ । दलितआन्दोलनले कानूनद्धारा दण्डनीय अपराधबनाइनु पर्छ भन्ने कुरालाई भर्खरै अवसानभएको संविधानसभाज्यूहरूले संसदको पनिकार्य गरेको थियो । त्यसैले छुवाछूत सम्वन्धि ऐन पारित भएपछि त्यो मागपनि सम्वोधनभएको छ ।

जुनसुकै राजनीतिकदलहरूले दलित समुदायले भोग्दै आइरहको जातीय छुवाछूत तथा भेदभावलाई आफ्नो चुनावी घोषणा पत्रमार्फत अन्त्यगर्ने राजनीतिक प्रतिवद्धता गर्दै आइरहेका छन तर ब्यवहारमाती सवै खोक्रो आश्वासन र हात्तीलाई देखाउने दात जस्तो सावितभएको छ । माओवादी जस्तो क्रान्तिकारी पार्टीको हातमादूई पटक राज्य सत्ताको बगडोर लिदापनि छुवाछूत अन्त्यको लागिविशेष नीतिकार्यक्रम र बजेट आउन सकेको छैन । वास्तवमा छुवाछूत राज्यबाट ने सृजितभएको सामाजिक समस्याभएको हुनाले यसको अन्त्यलागिपनि राज्यको नै विशेष अग्रसरता र लगानीआवश्यक पर्दछ । हाल सम्मको अवस्थालाई हेर्दा राज्यले दलित समुदायलाई ललिपपदिएजस्तो गरि टुक्रे पहलबाट छुवाछूत अन्त्यकालागि केहीगर्न खोजेको जस्तो बनावटी प्रभावमात्र गरको आभास हुन आउंछ । यसको पछिल्लो उदाहरण जातीय भेदभावतथाछुवाछूत (कसुर सजाय) ऐन २०६८ लाई लिन सकिन्छ ।

छुवाछू सम्वन्धि ऐन पारित हुनु आफैमा स्वागत योग्य कुरा हो तर यो लागु भएको करिब डेढ वर्ष भइसक्यो तर यसको कार्यान्वयनअत्यन्तै फितलो भएको पाइन्छ । जातीय छुवाछूत ऐन लाई प्रभावकारी रूपमाकार्यान्वयनगर्न यस सम्वन्धि कार्यान्वयन निर्देशिका अफसम्म पनि बन्न नसक्नु, कानून कार्यान्वयन गर्ने, निकायहरू जस्तो सिडिओ, प्रशासन, पुलिस प्रहरी प्रशासनलाई यसको बारेमायथोचितजानकारी नहुनु दलिततथा गैर दलित समुदायउचित चेतनानभएको कारणले सम्वन्धितकानूनबारे लगभग बेखबर हुनु यसको ज्वलन्तउदाहरण हो ।

श्रृखलावद्ध घटनाका रूपमा एक पछि अर्को दलितहरूको ज्यानजाने गरी कालीकोट, दैलेख र सप्तरीमाभएको छुवाछूतका घटनाहरू दोहोरिनुले राज्यको अत्यन्तै लापरबाही र निकम्माजनक सावितहुन आउंछ । तसर्थ राज्यको अन्यकार्यकालागि ठोस दीर्घकालिन रणनीति र सो अनुरूपको बजेट र कार्यक्रमल्याउनअत्यन्तै आवश्यक छ । यसकालागि राज्यले शसक्त प्रतिवद्धता र सो अनुरूपको ब्यवहार प्रदर्शन गर्न आवश्यक छ ।

यदि राज्यले चाहने हो भने छुवाछूतलाई प्याकेज कार्यक्रमको मार्फत निश्चितअवधिको लक्ष्य किटान गरी अन्त्यगर्न संभव छ । यसका लागि राज्यले छुवाछूत अन्त्यकालागि राष्ट्रिय रणनीति पत्रबनाउने र त्यसकाआधारमा राज्यकाआफ्ना संयन्त्रहरूलाई परिचालन गरी निश्चितअवधिभित्र छुवाछूत अन्त्य गर्ने उदघोषका साथ राज्य स्वयंले र यसका साथै नेपालमा रहेकाविदेशीदातृसंस्थाहरूले वास्केट फण्डको अवधारणामा छुवाछूत निर्मूल पार्ने कार्यक्रमलाई निश्चितअवधिसम्म सहयोग गर्ने हो भने नेपालबाट जातीय छुवाछूत र भेदभाव जस्तो सामाजिककलंक र अमानवीयब्यवहारलाई साच्चिकै अन्त्यगर्न संभव छ । केबलयसका लागि राज्यका सवै अंगहरूको दीघकालीन लगानीआवश्यक रहेको छ ।

# संविधानसभा विघटनपछिको अवस्था र दलित

बहुअपेक्षित संविधानसभाको दुःखद बिर्सजनपछि अहिले गहिरो संवैधानिक जटिलता थपिएको छ । दलित लगायत सवै समुदायका अधिकारहरू अव ओझेलमा परेको छन् । नेताहरूले कसले प्रधानमन्त्री पाउने भन्ने विषयमा खुलेआम जालझेल गरिरहँदा जनयुद्ध र जनआन्दोलनका उपलब्धी, सहिद र घाईतेहरूको वलिदानी, दलित समुदायमाथिको उत्पीडन, लोकतान्त्रिक गणतन्त्रको मर्ममाथी ठूलो कुठाराघात भएको छ । यतिमात्र होईन, संघीयता चाहने र नचाहने, जातीय राज्य चाहिने र हुनै नदिनेहरूको वीचको द्धन्दले मुलुक अहिले जातीयरूपमा समेत चिराचिरा परेको छ । यिनै विषयमा पार्टीहरू कमजोर भई फुट्ने क्रममा छन् । सबैभन्दा पछाडि पारिएका दलित समुदायमा समेत विभिन्न खेमामा विभाजित हुने स्थिती देखापरेको छ । यस्तो रिक्ततामा मुलुक वर्वादीतिर धकेलिइरहँदासमेत हाम्रा राजनेताहरू फेरिपनि 'मलाई नै प्रधानमन्त्री चाहियो, तव मात्र मिल्छु' मात्रै भनिरहेका छन् । राणाकालमा सवैले श्री ३ हुन र बनाउनका लागि एकअर्कालाई काटमार गर्दथे । आज त्यसैगरी राजनीतिक दलका नेताहरू प्रधानमन्त्री हुनका लागि एकआर्कालाई सिध्याउने झेल गरिरहेका छन्, भ्रम फैलाईरहेका छन् । कसैले भोलिको शक्तिशाली राष्ट्रपति हुने र देशलाई हाक्ने सपना देखेक मात्र छैनन्, प्रधानमन्त्री चाहिने शर्तमा नै सहमति खोजिरहेका छन्, जुन सहमति ४ वर्षमा पनि हुन सकेन ।

दलितले खोजेका सत्ताको भागवण्डा होईन र कसैलाई प्रधानमन्त्री बनाएर मालिक बनाउन पनि थिएन । जवकि हामीले धेरै राजहामहाराजको सेवा हजुर्याईं गरिसक्यौं । प्रजातान्त्रिक कालमा पनि धेरेजनालाई प्रधानमन्त्री बनाईसक्यौं । त्यसले दलितलाई प्रयोग गर्ने वाहेक दलित समृद्धि र अधिकार स्थापना गर्न सकेन । दलितले चाहेको नयाँ संविधान थियो । पुराना संविधानले सम्वोधन गर्न नसकेका सवाललाई नयाँ संविधानमा समाविष्ट गराउने दलितको मुल उद्देश्य थियो । तर

**सहमति गर्नलाई अव सत्ताको शर्त कुनै दलले राख्ने भन्दा पनि जनताको संविधान बनाउने कि नबनाउने वा दलितका मुद्धाहरुलाई सम्वोधन गर्ने कि नगर्ने भन्नेमा केन्द्रित हुनुपर्छ । फेरि पनि सत्ताकै वार्गेनिङ् गर्ने र अड्को मात्र खथापिरहने दलहरु दलितका पक्षपोषक हुन सक्दैनन् ।**

सत्ताको लुछाचुँडीका कारण दलित मुक्ति, आन्दोलन र आन्दोलनबाट श्रृजना भएका सवालहरूमाथि फेरी कुठाराघात भएको छ । अर्थात वर्षौदेखि उत्पीडनका मारमा परेर विभिन्न क्षेत्रमा पीडा सहँदै र वञ्चितीकरण भोग्दै आएका दलितको मर्म र सम्वेदनालाई नेताहरूको सत्ताको जालझेलले फेरी एकपल्ट निराश तुल्याएको छ । परिणामतः ६०१ मध्येका ५० जना सभासदहरूसमेत दलितका लागि निकम्मा ठहरिन वाध्य भए । अन्ततः जनअपेक्षित संविधान पुनः आउने कि नआउने भन्ने र आए कहिले कसरी आउने भन्ने अर्को शंका आम दलितका मनमा खड्किएको छ ।

संविधानसभाको विघटनसँगै पार्टीहरू फुट्नेक्रम समेत आरम्भ भएको छ । पार्टीमात्र होईन, समाजमा सदियौंदेखि अन्तरसम्वन्ध स्थापना गरेर बसेका जातजातिवीचमा समेत फुट्को श्रृजना भएको छ । लोकतान्त्रिक गणतन्त्रमा दलहरू यसरी फुट्नु भनेको वा जातजातिहरू टुक्रिनु भनेको लोकतन्त्र कमजोर हुनु र दलितविरोधी वा यथास्थितीवादी शक्तिहरूको पुनर्उत्थान हुनु हो । आखिर सत्ताको लुछाचुढीले लोकतान्त्रिक दलहरूलाई मात्र होईन स्वयं दलितलाई समेत अव कुनबाटोबाट अगाडि बढ्ने भन्ने विषयमा दोधारमा उभ्याएको छ । दलहरूको फुट र अविश्वाससँगै एकीकृत दलित आन्दोलन समेत फुट्ने तरखरमा छ ।

अहिले दलितलाई वीचभागमा राखेर विभिन्न आन्दोलनका नाममा जातीय साम्प्रदायिकता फैलाउने र समाजलाई विखण्डन तुल्याउने र राष्ट्रलाई विखण्डित तुल्याउने चेष्टा गरिरहेका छन् । जनजातिका नाममा दलितलाई प्रयोग गरेर होस् क्षेत्री वाहुन, दशनामी वा अन्य को नाममा जातीय एकता कायम गराउन नामा होस् या एकल जातीय पहिचानका नाममा मधेसी आन्दोलनको नाममा दलितलाई आन्दोलनमा प्रयोग गर्ने काम हुँदैआएको छ । यसरी दलित जनवर्गीय संगठनहरू फुट्न पुगेमा आन्दोलन कमजोर हुनुको अतिरिक्त दलितको मुद्दाहरूमा सुनवाई हुन सक्दैन । दलित भनेका राजनीतिक विचार नभई अवस्थाको प्रतिनिधित्व पनि हो । तसर्थ जुनसुकै आन्दोलनमा समावेश भएपनि दलितको मुल मुद्दा भनेको जातीय छुवाछूतको पूर्ण अन्त्य, सहअस्तित्वमुलक समाज, भाईचारात्मक समुदाय नै हो । त्यसमा विशेषाधिकार प्राप्त दलित समाज हाम्रो मुख्य लक्ष्य र सांस्कृतिक सम्मान, अन्तर्घुलन र आर्थिक समावेशीता मुख्य सवालहरू हुन् । तर ती सवाललाई थाँती राखेर एकले अर्कालाई प्रयोग गर्ने उद्देश्यले प्रायोजित भएको आन्दोलनमा दलितको नत समर्थन हुनेछ न त त्यस्ता आन्दोलनमा दलितलाई प्रोत्साहन गरिर्नुपर्छ । तर अगाडि उठाएभैं राष्ट्रको विखण्डन नुहने किसिमले र नेपाली जनता स्वायत्त र स्वतन्त्र हुने उद्देश्य दलितलाई विशेष अधिकार दिने भनेर गरिएको हाम्रो छुवाछुतको पूर्ण उन्मुलनको ग्यारेन्टी हुने आन्दोलनमा भने दलितले समर्थन गर्नुपर्दछ । तर एकल जातीय पहिचान होस् या सामाजिक विद्रोह निम्त्याउन र अखण्डताका नाममा हुने आन्दोलनमा होस् दलित समुदाय समाविष्ट हुनुहुदैन । यसले अन्ततः दलितलाई केवल प्रयोगको पात्र मात्र बनाउने हुँदा उक्त समुहदेखि दलित आन्दोलनकारी नेता तथा शुभचिन्तकहरू सजग रहनुपर्दछ ।

हामी इतिहासको पुरानो कालखण्डदेखि नै आपसी भाईचारा, मेलमिलाप, सहिष्णुतालाई अंगाल्दै समाविष्ट समाजमा रहँदै आएका छौं । चाहे चरम दासको स्थितीमा होस्, या चरम उत्पीडनको समयमा यो संस्कृत र शालिन समुदाय दलितले नेपालको निर्माणक लागि आफ्नो ज्यान कुर्वानी दिदैं आएको छ । चाहे एकीकरणको समयमा होस्, चाहे राणा शासनको विरूद्धको आन्दोलनमा होस् या पञ्चायत विरोधी अआन्दोलनमा होस् या त गणतन्त्रको स्थापनाको समयमा होस् दलित आन्दोलनको अग्रमोर्चामा लड्दै र भिड्दै राष्ट्रकै लागि वलिदानी दिदैं आएका छन् अविछिन्न समाजको लागि नै लड्दै आएका हुन् । समाजमा क्रुर नारकीय जीवन जिएरै भएपनि, समाजमा निकृष्ट उत्पीडन सहेर भएपनि यही समाजको हित र राष्ट्रको भलाई लागि दलितहरूले आफूलाई समर्पित गरेका छन् । यद्यपि, दलितको सम्मान र प्रतिष्ठा गुम भएको छ, दलितका हक अधिकारहरू यथास्थितीमा छन् । इतिहासदेखि एउटा विशेष वर्गको विरासत चल्दै आएको राज्य सत्तामा दलितको पहुँच स्थापना हुन सकेन । सो पहुँच स्थापना गर्न दलितमुखि निर्वाचन प्रणाली बन्न सकेन । श्रोत, साधनमा दलितको स्वामित्व कायम हुन सकेको छैन । तसर्थ यी सवै अधिकार वहालीका लागि संविधान बन्नुको विकल्प हुन्न । संविधान बनाउनका लागि सत्ता राजनीतिभन्दा राजनीतिक सहमति यथाशीघ्र गर्न राजनीतिक दलहरू अग्रसर हुनुपर्छ । अग्रसर गराउन राष्ट्रपतिको अहम् भूमिका यतिवेला जरूरी छ । सहमति गर्नलाई अव सत्ताको शर्त कुनै दलले राख्ने भन्दा पनि जनताको संविधान बनाउने कि नबनाउने वा दलितका मुद्धाहरूलाई सम्वोधन गर्ने कि नगर्ने भन्नेमा केन्द्रित हुनुपर्छ । फेरि पनि सत्ताकै वार्गेनिङ् गर्ने र अङ्को मात्र खथापिरहने दलहरू दलितका पक्षपोषक हुन सक्दैनन् । यसर्थ विभिन्न विकल्पहरू खोज्दै सवै राजनीतिक दलहरू एकैठाउँमा बसी छलफल चलाउनु अहिलेको आवश्यकता हो । तर अवको छलफलमा दलहरू मात्र बस्ने नभई सम्पूर्ण जाति समुदायका प्रतिनिधिहरूको प्रतिनिधित्वमुलक सहभागिता समेत हुन आवश्यक देखिन्छ । यस मानेमा आजको यो रिक्ततालाई राजनीतिक दलका शिर्षस्थ नेता तथा सवालगत समुदायहरूको गोलमेच सम्मेलन हुनु जरूरी छ र सो गोलमेच सम्मेलनको निर्णयअनुसार अव कुन प्रकृयाले संविधान बनाउने भन्नेतर्फ सवै दलहरू निर्देशित हुनुपर्छ ।

# केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठक

केन्द्र । दलित गैरसरकारी संस्था महासंघको केन्द्रीय कमिटीको पूर्ण वैठक यही वैशाख चैत्र २८, २९, ३० र २०६९ वैशाख १ गते सम्म भक्तपुरको बोडे (कृषी विकास वैंक तालिम केन्द्रको हलमा) सम्पन्न भएको छ । महासंघको भावी रणनीति निर्माण कार्यशालासँगै चलेको तीन दिने वैठक महासंघका अध्यक्ष गजाधर सुनारको सभापतित्वमा बसेको थियो । बैठकले विभिन्न विषयमा छलफल गरी निर्णय गरेको छ ।

वैठकमा महासंघका महासचिव जेवि विश्वकर्माले दोस्रो बैठकदेखि यता भएका प्रगति विवरण पेश गर्नुभएको थियो । उहाँले पेश गरेको प्रतिवेदनमा करिव करिव शुन्य अवस्थामा रहेको परियोजनाहरूबाट महासंघले चालुरूपमा दलित सशक्तीकरण, दलितको नागरिकता शिक्षा, मतदाता शिक्षा गरी ३ वटा परियोजना संञ्चालन गरिरहेको र राष्ट्रिय जनगणना अभियान भरखरै सकिएको उल्लेख गर्नुभयो । त्यसैगरी ९ महिनादेखि रोकिएको परियोजना पुनः सञ्चालन गरिएको र सो परियोजनाका लागि नयाँ म्यानेजर नियुक्त गरिएको उल्लेख गर्नुभयो । त्यसैगरी जनजाति महासंघ र नर्वेजियन एम्वेसीसँग मिलेर संविधानसभाका लागि फुटकर कार्यक्रमहरू सञ्चालन भएको र यसले ती संस्थासँग सम्वन्ध विस्तार भएको उल्लेख गर्नुभयो ।

त्यसैगरी चुनौतीहरूमा कर्मचारी प्रशासनलाई ब्यवस्थित गर्न नसकिएको र थोरै परियोजना भएका कारणले सवै संघसंस्थालाई समानुपातिक रूपले समेट्न नसकेको उल्लेख भएको थियो । अव गर्नुपर्ने दायित्वका वारेमा महासचिवले जानकारी गराई जानकारी गराई भावी योजना तयार गरिएको थियो ।

# पाँच वर्षे रणनीति निर्माणका लागि कार्यशाला गोष्ठी

केन्द्र । दलित गैरसरकारी संस्था महासंघको आगामी ५ वर्षका लागि रणनीति निर्माण गर्न भक्तपुरको वोडेमा गत चैत्र २८ र २९ मा कार्यशाला गोष्ठी सम्पन्न भएको छ । यसअघि निर्मित महासंघको २००७-११ सम्मको पाँच वर्षे रणनीतिक योजनाको अवधि समाप्त भएकोले नयाँ बनाउन थालिएको हो । सन् २०१२ देखि २०१६ सम्मका लागि रणनीति निर्माण गर्नका लागि महासंघका सम्पूर्ण केन्द्रीय पदाधिकारीहरू क्षेत्रीय अध्यक्षहरू, प्राविधिक सल्लाहकार, राजनीतिक संगठनका नेताहरूको उपस्थितिमा सम्पन्न भएको कार्यशालाको डा. दिल श्रेष्ठले सहजीकरण गर्नुभएको थियो । उक्त कार्यशालामा पाँचै विकास क्षेत्रका दलित संघसंस्थाहरूको अवस्थिती, चुनौती तथा अवसर र आवश्यकताको पहिचान गर्दै नयाँ रणनीति प्रस्ताव गरिएको थियो । उक्त प्रस्तावमा प्राविधिक सल्लाहकार अनिल गजमेर, तेज सुनार, सरोजदिलु विश्वकर्मा, जनवर्गीय संगठनको तर्फबाट लालवहादुर विश्वकर्मा लगायतले दलितको अवस्था र महासंघको आगामी भूमिकाका विषयमा सुझाव दिनु भएको थियो । महासंघका अध्यक्ष गजाधर सुनारले उद्घाटन गर्नु भएको सो कार्यक्रममा सवै सहभागीहरूले कामका विभिन्न कार्यक्षेत्र बनाई दलित समुदायको हितमा अव गर्नुपर्ने कार्यका विषयमा विश्लेषण गरिएको थियो ।

# संविधान निर्माण प्रक्रियामा खबरदारी

केन्द्र । दलित गैरसरकारी संस्थाहरूको छाता संगठन दलित गैरसरकारी संस्था महासंघले दलित अधिकारलाई प्रवर्द्धन र सम्वर्द्धन गर्नका लागि आफ्नो स्थापनाकालदेखि नै स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा सशक्त ढंगले अभियान सञ्चालन गर्दै आएको छ । महासंघले समुदायको सवाललाई स्थापित गर्ने सन्दर्भमा दलित समुदायको मुक्ति र समानताको आन्दोलनलाई उचाई प्रदान गर्ने सन्दर्भमा सदैव

आफ्ना सरोकारवालाहरू समक्ष विभिन्न कार्यक्रमहरू र सहकार्यसमेत गर्दै आईरहेको छ ।

यसैक्रममा तेश्रो केन्दीय समितिले अनुमोदन गरेका कार्यक्रम अनुसार दलित गैरसरकारी संस्था महासंघले संविधान निर्माणका महत्वपूर्ण विषयमा छलफल चलिरहेको अवस्थामा निम्न मागहरू राख्दै राजनीतिक दल, नेपाल सरकार र संविधानसभाको गम्भीर ध्यान आकर्षण गर्ने उद्देश्यका साथ नागरिक समाजको सहकार्य गत २०६९ वैशाख १५ गते संविधानसभा भवन अगाडि धर्ना दिने, जनप्रदर्शन, पत्रकार सम्मेलन, राजनीतिक दलहरूलाई ज्ञापनपत्र बुझाउने लगायतका कार्यक्रम वैशाख १५ देखि २६ सम्म पहिलो चरणको अभियान अन्तर्गत सम्पन्न गर्‍यो भने जेष्ठ २ गतेदखि १० गतेसम्म दलित जनवर्गीय संगठन, विभिन्न संघसंस्था, युवा विद्यार्थीसँगको सहयकार्यमा दोश्रो चरणका आन्दोलनका कार्यक्रमहरू सम्पन्न गरेको छ ।

राज्य प्रणालीका सवै निकायमा क्षतीपूर्तिसहित अतिरिक्त अधिकारको समानुपातिक समावेशीकरण गर्नुपर्ने, दलितलाई छुट्टै भौगोलिक राज्य हुनुपर्ने, छुवाछूतलाई सार्वजनिक मुद्दा बनाई छुवाछूत गर्नेलाई हदैसम्मको सजाय हुने ब्यवस्था गर्नुपर्ने, प्रहरी र अदालतमा दलितको मुद्दा हेर्ने डेस्क स्थापना गर्नुपर्ने र जग्गा नभएका दलितलाई राज्यले जग्गा उपलब्ध गराउनु पर्ने सवालमा महासंघको नेतृत्वमा सवै दलित संघसंस्था वुद्धिजीवी र नागरिक समाजको पहलमा वैशाख १५ गते संविधानसभा भवन, बानेश्वरमा धर्ना तथा कोणसभा, वैशाख १५ गते संविधानसभा भवन, बानेश्वरमा धर्ना तथा कोणसभा, बैशाख २० गते विहान ११ बजे पत्रकार सम्मेलन, वैशाख २१ र २२ गते राजनीतिक पार्टीका नेतृत्वका निवासमा भेटघाट, वैशाख २३ गते दिउँसो अगाडिका कार्यक्रमहरूको समिक्षा र २५ गते चक्काजाम तयारी बैठक र वैशाख २५ गते दिउँसो १२ बजेदेखि १ घण्टा चक्काजाम कार्यक्रम आयोजना गरियो । महासंघका अधयक्ष गजाधर सुनारको संयोजकत्वमा भएको सो अभियान वैशाख २५ गते ववरमहलमा शान्तिपूर्ण प्रदर्शन गर्न लाग्दा ३४ जनालाई प्रहरीले गिरफ्तार गरेको थियो । यसरी गिरफ्तार पर्नेहरूमा अधयक्ष गजाधर सुनार, महासचिव जेवि विश्वकर्मा, दलित महिला संघकी अध्यक्ष दुर्गा सोव, कला स्वर्णकार, कमला विश्वकर्मा, नरेश सोव, भीम विश्वकर्मा, नेपाल राष्ट्रिय दलित समाज कल्याणका भक्त विश्वकर्मा र कुल विश्वकर्मा लगायत रहेका थिए । उक्त प्रहरी हस्तक्षेपको विरोधमा वैशाख २६ गते दिउँसो १२ बजे प्रदर्शन र जनसभा आयोजना भएको थियो ।

त्यसैगरी दोश्रो चरणको कार्यक्रममा जेष्ठ ७ गतेबाट भएको थियो भने जेष्ठ १३ गते सवै राजनीतिक दलका दलित जनवर्गीय संगठनको आयोजनामा बानेश्वरमा जेष्ठ १४ गते संविधान जारी गर्न अपिल गर्दै एक आमसभा आयोजना गरेको थियो । यी सम्पूर्ण अभियानमा महासंघले भौतिक र आर्थिक सहयोग उपलब्ध गराएको थियो । यसका साथै जेठ १४ गतेसम्म नै महासंघले विभिन्न संघ-संस्थासँग मिलेर कार्यक्रम आयोजना गरेको थियो ।

# मनवीर सुनार र सेते दमाईको हत्याको विरोध

कालिकोट । पछिल्लो समयमा दलितमाथि हमला मात्र होईन, श्रृंखलावद्ध हत्या नै हुन थालेका छन् । यसैवीचमा २०६८ मंसिर २४ गते कालीकोट, जुविथा गाविस ४ का मनवीर सुनारको स्थानीय ठकुरीहरूद्धारा कुटपिट् पछि हत्या भएको छ । साँझ चुल्हो छोएको निहुँमा होटलको साहुनीसँग विवाद बढेपछि स्थानीय ठकुरीहरू दीपवहादुर शाही, भिम वहादुर शाहीले निर्घात कुट्पिट गरी हत्या गरेका थिए । सोको विरोधमा कालीकोटका संघसंस्था राजनीतिक दलहरूलाई सूचना गर्ने र विरोध प्रदर्शन गर्ने कार्यमा महासंघले संयोजनकारी भूमिका निर्वाह गर्‍यो । यसका साथै राजधानीमा रहेका दलित संघसंस्थाहरू, राजनीतिक दलहरू, पत्रकारहरू दलित आयोग, मानवअधिकार आयोगसँग समन्वय गर्ने र आन्दोलनमा सहयोग गर्ने, सरकारलाई दवाव दिने कार्यमा महासंघले संयोजनकारी भूमिका निर्वाह गरेको थियो । घटनाको सत्यतथ्य पत्ता लगाएर सार्वजनिक

गर्दै महासंघले प्रधानमन्त्री बाबुराम भट्राईलाई भेटी हत्याराहरूलाई यथाशीघ्र पक्राऊ गरी कडाभन्दा सजाय दिलाउन एक ज्ञापन पत्र दिइएको थियो । सम्मानीय प्रधानमन्त्रीज्यूले सो ज्ञापन पत्र बुझ्दै दलितमाथि भएका यस्ता घट्नाहरूलाई नियन्त्रण गर्न र दोषीलाई दण्डित गर्न प्रधानमन्त्री कार्यालयमै एक सूचना केन्द्र राख्ने वचन दिनु भएको थियो । परिणामतः राज्यले मनवीर सुनारलाई सहिद घोषणा गरी १० लाख क्षतिपुर्ति प्रदान गरेको छ ।

# सेते दमाईको नृसंश हत्या



मनवीरको हत्याभन्दा अगाडि २०६८ भदौ १४ गते दैलेख तोली गाविस वडा नं. २ धनीगाउँका सेते दमाईलाई उनका छोरा सन्तवहादुर र राजकुमारी शाही (ठकुरी) लाई अन्तरजातीय विवाह गरेको निहुँमा खुकुरी हानी हत्या गरिएको थियो भने सेते दमाईका दाजु नरवहादुरको कोखमा खुकुरी हानी गम्भीर घाइते बनाईएको थियो । सो हत्याको छानविनका लागि दलित गैरसरकारी संस्था महासंघका केन्द्रीय उपाध्यक्ष नन्द बिश्वकर्मा, मध्यपश्चिमाञ्चल क्षेत्रीय समितिका अध्यक्ष डिलबहादुर परियार, दलित गैससका प्रतिनिधिहरूमा नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका प्रतिनिधि अधिवक्ता दिपक तिमिल्सिना, दलित सेवा संघका केन्द्रीय सदस्य बलबहादुर सार्की, रेडियो प्रतिवोध कोहलपुरका स्टेशन प्रवन्धक हेमन्त बिक, राष्ट्रिय दलित आयोगका सदस्य गोविन्द नेपाली र कानून अधिकृत उदबीर नेपाली लगायतको टोली घटनास्थल पुगी स्थलगत प्रतिवेदन तयार गरेको थियो ।

त्यसैगरी स्थानीय दलित अधिकारकर्मीहरू दलित महिला संघ जिल्ला शाखा दैलेखका अध्यक्ष पार्वती बिशुन्के, दलित महिला संघका जिल्ला कार्यक्रम संयोजक बालाराम नेपाली, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका जिल्ला कार्यक्रम संयोजक कमल बिश्वकर्मा, कार्यक्रम सहायक दिलीप बिक, दलित सेवा संघका जिल्ला अध्यक्ष सूर्य बिश्वकर्मा, दलित सशक्तीकरण केन्द्रका अध्यक्ष हिक्मत बिश्वकर्मा अनि पत्रकारमा एक्लो प्रतिनिधित्व लेखक अमर सुनार सहितको टोली बास्तविक जानकारी लिन घटनास्थल पुगेको थियो ।

परिणामतः सेते दमाईका छोराले अन्तरजातीय विवाह गरेकै कारण उनको हत्या भएको ठहर गर्दै राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग, दलित गैरसरकारी संस्था महासंघ, दलित गैससहरू दोषीलाई कार्वाही र पीडित क्षतिपूर्तिको निम्ति पहल गरिरहेका छन् । सो हत्याकाण्डको विरोधमा स्थानीय संघसंस्थाहरू परिचालन गर्ने, स्थानीयदेखि केन्द्रीयस्तरसम्म पत्रकारहरू परिचालन गर्ने, छानविन गर्ने तथा राष्ट्रिय दलित आयोग र राष्ट्रिय मानवअधिकार आयोगलाई घट्नाका अपराधीलाई कडाभन्दा कडासजाय दिलाउन सिफारिस गर्ने र सेते दमाईलाई सहिद घोषणा गरी राज्यबाट १० लाख क्षतिपूर्ति दिलाउने कार्यमा महासंघले संयोजनकारी भूमिका निर्वाह गरेको थियो ।

# शिवशंकरको हत्या विरुद्धमा महासंघ


जातिय विभेदका कारण दलित युवकको हत्या गरिएको आरोप

सप्तरी । सप्तरीमा गैरदलित केटीसँग प्रेम भएको निहुँमा जनवरी ३० तारिकमा सप्तरीको पन्सेरा गाविस वडा नं. ३ का शिवशंकर दासलाई वीष खुवाई हत्या गरिएको छ । कथित ठूला जात भनिने चौधरीकी छोरी सिता चौधरीसँग दासको प्रेम भएको थाहा पाई केटी पक्षका देवकान्त चौधरी, शुरेश चौधरी र सुन्दर चौधरीले दासलाई आफ्नो घरमा वोलाई मरणासन्न हुनेगरी कुटपीट पछि विष सेवन गराई छोडिएको र उपचारका क्रममा उनको मृत्यु भएको थियो । घटनाका विषयमा जानकारी प्राप्त हुनासाथ महासंघको टोली घटनास्थल पुगी प्रारम्भिक प्रतिवेदन तयार गरेर पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको थियो ।

पत्रकार सम्मेलन मार्फत स्थनीय संघसंस्था, सरकोकारवाला निकाय तथा स्थानीय प्रशासनलाई घट्नाको प्रारम्भिक जानकारी गराएको थियो । केन्द्रमा एक सूचना डेस्कमार्फत केन्द्रीयस्तरबाट हत्याको सूचनाहरू सार्वजनिक गर्ने, प्रेस विज्ञप्ती जारी गर्नेदेखि स्थानीय सदस्य संघसंस्थाहरू र दलित अधिकारकर्मीहरू परिचालन गर्ने कार्यमा महासंघले अग्रणी भूमिका खेलेको थियो । यसअघि महासंघकै पहलमा सचिव सुशील विके लगायत अन्य नागरिक समाज र सदस्य संस्थाहरूसँग छलफल गरी अर्को Fact finding टोली गठन गरी सो टोलीलाई लाई उक्त घट्नाको स्थलगत भ्रमणमा अनुगमनका लागि पठाईएको थियो । टोलीले घट्नाको वास्तविकता पत्ता लगाउने र प्रहरीमा उजुरी दर्ता गर्नेदेखिसाथै सो घटनाका विषयमा राष्ट्रिय मानवअधिकार आयोग पुर्वाञ्चल ब्युरो, इन्सेक पुर्वाञ्चल, स्थानीय पत्रकारहरू, नागरिक समाज, प्रहरी प्रशासनका वीचमा शीवशंकर हत्याका दोषीलाई कडाभन्दा कडा कारवाही गर्नुपर्ने विषयमा महासंको संयोजकत्वमा एक अन्तर्कृया समेत भएको थियो ।

Fact finding टोलीले जातीय विभेदका कारण हत्या भएको निष्कर्षसहितको प्रतिवेदन सार्वजनिक गर्दै पीडित पक्षकै उपस्थितिमा घटनाका विषयमा प्रधानमन्त्रीको समेत ध्यानाकर्षण गराएको थियो । तर, पीडितहरूले अहिलेसम्म न्याय पाउन सकेका छैनन् ।

यद्यपि, घटना भएको ४ महिना बढी भइसक्दा पनि प्रहरीले घटनाका आरोपीलाई अहिलेसम्म नियन्त्रणमा लिएर सोधपुछ गर्न सकेको छैन । आरोपीहरू शंकर चौधरी, उनका भाई बंकर चौधरी, शुरेश चौधरी र देबकान्त चौधरी फरार रहेका छन् । कहिलेकाहीँ घर वरपर देखिने यिनीहरूलाई पक्राउ गर्नका लागि प्रहरीलाई जानकारी दिंदा पनि पटकपटक उनीहरू फरार भएपछि मात्रै प्रहरी पुग्नाले उनीहरूलाई भगाउन प्रहरी नै लागि परेको हो की भन्ने पीडितले आशंका गरेका छन् ।

# १०२ औं अन्तर्राष्ट्रिय नारी दिवस



केन्द्र । १०२ औं अन्तराष्ट्रिय महिला दिवसको सन्दर्भमा होटल अर्किडमा ८ मार्चमा 'महिला आन्दोलनमा दलित महिला' विषयक एक अन्तर्कृया सम्पन्न भएको छ । दलित महिलामाथि हुने विभिन्न खाल भेदभाव र तिनलाई सम्वोधन गर्नका लागि कस्ले के गर्ने भन्ने विषयमा महासंघको आयोजनामा भएको सो कार्यक्रमा जम्मा ६७ जना प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो । राष्ट्रिय महिला आयोगकी अध्यक्ष शेषचाँदा ताराकुमारी, संविधानसभा सदस्य सीता वौडेल, कलावती पासवान तथा महिला अधिकारकर्मीहरू सहभागी रहनु भएको सो वहृत कार्यशालामा धनकुमारी सुनारले 'नेपालमा महिला र दलित महिलाको स्थितीको वारेमा एक कार्यपत्र पेश गर्नुभएको थियो । उक्त कार्यपत्र माथि महासंघका अध्यक्ष गजाधर सुनार, दलित महिला संघकी अध्यक्ष दुर्गा सोव, महिला अधिकारकर्मीद्वय, कमला हेमचुरी, सर्मिला कार्की, डा. सुमित्रा मानन्धर र अम्विका गजमेरले टिप्पणी गर्नु भएको थियो ।

राष्ट्रिय महिला आयोगकी अध्यक्ष शेषचाँदाले महिलाहरू राज्यबाट तिरस्कृत छदैछन् र त्योभन्दा समाजका अन्य महिलाद्धारा नै अपहेलित र विभेदित छन् र अन्यको तुलनामा बढीरूपमा तराई क्षेत्रमा रहेका महिलाहरू विभिन्न वहानामा अझपनि अमानवीय हिंसा सहन वाध्य भएको बताउनुभएको छ ।

उक्त कार्यक्रममा सहभागी भएकी महिला सभासद सीता वौडेलले महिलाका सवालहरू जस्तो– महिलामाथि हुने हिंसाहरू, सम्पतिबाट वञ्चितीकरण, दाईजो, बोक्सी र नागरिकता आदि विषयहरू अवको संविधानमा समेटिने बताउनु भएको थियो ।

केन्द्रका अतिरिक्त सिराहा जिल्लामा समेत महिला आन्दोलनमा दलित महिलाको भूमिका विषयमा अन्तर्कृया सम्पन्न भएको छ । मार्च ८ कै सन्दर्भमा विहान बजार परिक्रममा पछि करिव ३०० जना विचार गोष्ठीमा सहभागी भई अवको संविधानमा महिलाका सवालहरू मेटिनुपर्ने विषयमा सो विचार गोष्ठी भएको थियो । उक्त अवसरका महिलामाथि हुने हिंसाका विषयमा सडक नाटकसमेत प्रदर्शन भएको थियो । सोही दिनको अवसरका माा महासंघको संयोजकत्वमा वैतडी, सुर्खेत र वाग्लुंगमा समेत विभिन्न सांस्कृतिक कार्यक्रम र सडक नाटक सम्पन्न भएको थियो ।

# ४७ औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मुलन दिवस मनाइयो

केन्द्र । जातयि विभेद उन्मुल दिवस अन्तर्राष्ट्रिय रूपमा घोषणा भएको अवसरमा महासंघले केन्द्रेदेखि स्थानीय स्तरसम्म विभिन्न कार्यक्रमसहित ४७ औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मुलन दिवस भब्यताका साथ सम्पन्न गरेको छ ।

३ दिनसम्म लगातारूपमा मनाईएको उक्त कार्यक्रमा पहिलो दिन अर्थात मार्च १९ तारिकमा रक्तदान कार्यक्रम सम्पन्न भयो । महासंघ केन्द्रले आयोजनामा रेडक्रस सोसाईटी भृकुटीमण्डपको प्राविधिक सहयोगमा भएको सो कार्यक्रममा ३० जनाले रक्तदान गरेका थिए ।

त्यसैगरी मार्च २० मा दलितको लागि भौगोलिक कि गैरभौगोलिक राज्य हुने भन्ने विषयमा काठमाडौंको होटल अर्किडमा वृहत गोलेमच सम्मेलन आयोजना भएको



थियो । नागरिक समाज, विभिन्न राजनीतिक संगठनका अगुवाहरू वुद्धिजिविहरू गरी १२० जनाको उपस्थितीमा भएको सो कार्यक्रममा श्रम विभागका सहसचिव डा.मानवहादुर विश्वकर्माले दलित र संघीयता सम्वन्धि एक कार्यपत्र पेश गर्नु भएको थियो । उहाँले दलितको लागि गैरभोगोलिक र भौगोलिक राज्य दुवै चाहिने र त्यस अतिरिक्त हरेक क्षेत्रमा दलितका लागि विशेष आरक्षण दिनुपर्ने धारणा राख्नु भएको थियो । उक्त कार्यपत्रमाथि टिप्पणी राख्दै नेकपा एमालेका उपाध्यक्ष वामदेव गौतमले अवको राज्य पुनर्संरचना जातको आधारमा नभई संस्कृति र भूगोल सहित विशेषगरी पहिचान र सामर्थ्यका आधारमा गरिने बताउनु भएको थियो । साथै उहाँले राज्य पुनसंरचना आयोगले सिफारिस गरेको गैरभोगालिक राज्य दलितको लागि बढी खतरा हुने र त्यसले दलितलाई समग्रमा केही पनि नदिने कुरामा जोड दिनुभएको थियो ।

भौगोलिक कि गैरभौगोलिक गरी दुइ प्यानल बनाई गरिएको उक्त छलफलमा धेरैजसोले भौगोलिक राज्यको पक्षमा आफ्ना धारणा राखेका थिए । नेपाली कांग्रेसका एनपी साउद र जनमोर्चाका परि थापा लगायत विभिन्न जनवर्गीय संगठनका शिर्षस्थ नेताहरू सभागी हुनुभएको थियो ।

त्यसैगरी महासंघको सहयोग र संयुक्त दलित जनवर्गीय संगठनहरूको नेतृत्वमा मार्च २१ का दिन सांस्कृतिक कार्यक्रमसहित भव्य ऱ्यालीले शहर परिक्रमा गरी नेपाल प्रज्ञा प्रतिष्ठानमा वृहत विचारगोष्ठी सम्पनन भएको थियो । करिव १५०० जना दलित तथा गैरदलितको सहभागिता रहेको सो ऱ्यालीमा विभिन्न राजनीतिक संगठनहरू, दलित युवा तथा विद्यार्थी संगठनहरू तथा वुद्धिजीवी, नागरिक समाजका प्रतिनिधिहरूको वृहत ऱ्याली भद्रकालीबाट शुरु भई सुन्धारा, रत्नपार्क, जमल, दरवारमार्ग र कमलादी हुदैं प्रतिष्ठानमा पुगी सभामा विसर्जन भएको थियो ।

आठ राजनीतिक दलका नेताहरूलाई विशेषरूपमा आमन्त्रण गरिएको उक्त विचार गोष्ठीमा एनेकपा माओवादीका अध्यक्ष प्रचण्ड, नेकपा एमाले अध्यक्ष झलनाथ खनाल, नेपाली कांग्रेसका रामचन्द्र पौडेललगायतका नेताहरू अतिथिको रूपमा हुनुहन्थ्यो । सो विचार गोष्ठीमा नेकपा एमाले अध्यक्ष झलनाथ खनालले अवको २५ वर्षमा मुलुकबाट जातीय विभेद र छूवाछूतको एउटा जरोपनि नरहने गरी उन्मुलन गर्न सकिने बताउनु भएको थियो भने कांग्रेसका रामचन्द्र पोडैलले २५ वर्ष होईन, अवको एकवर्ष भित्र नै छुवाछूत हटाउन सकिने बताउनु भएको थियो । त्यसैगरी माओवादीका अध्यक्ष प्रचण्डले दुवैको भनाईलाई खण्डन गर्दै अभियान चाल्न सके एक महिना भित्रै मुलुकबाट छुवाछूत हटाउन सकिने र त्यसका लागि हामी सवै



अभियानमा लाग्नु पर्नेमा जोड दिनु भएको थियो ।

उक्त अवसरमा महासंघ पुर्वाञ्चल क्षेत्रले २१ मार्चकै सन्दर्भमा छुवाछूत विध्ययेक २०६८ माथि एक अन्तर्कृया आयोजना गर्‍यो भने महासंघका मध्यपश्चिम र सुदुरपश्चिम क्षेत्रीय कार्यालयहरूले पनि दलितका विभिन्न मुद्दामा एक दिने अन्तर्कृया आयोजना गरेका थिए । त्यसैगरी महासंघका जिल्ला शाखाहरू सिराहा, सप्तरी, सुर्खेत, बाँके, कैलालीमा समेत विभिन्न राजनीतिक दलका नेता, जनवर्गीय संगठनका नेताहरू, नागरिक समाज, दलित पत्रकार, मानवअधिकारवादी तथा दलित अधिकारकर्मीहरूको सभागीतामा विभिन्न कार्यक्रमहरू सम्पन्न भएका थिए ।

# राष्ट्रिय योजना आयोगमा ज्ञापनपत्र पेश

महासंघद्वारा केन्द्रीय तथ्यांक विभागले २०६८ सालमा गर्न लागेको नेपालको राष्ट्रिय जनगणनामा दलित समुदायको वास्तविक तथ्यांक आउनुपर्ने, जनगणनाको मस्यौदा प्रश्नावली पुनरावलोकन गर्नुपर्ने भन्दै राष्ट्रिय दलित आयोग, उत्पीडित उपेक्षित तथा दलित वर्ग उत्थान विकास समिति, दलित गैरसरकारी संस्था महासंघ, राजनीतिक दलित भातृसंगठनहरू, दलित सभासदहरू लगायत सम्पूर्ण दलित नागरिक समाजको तर्फबाट राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेलसमक्ष १२ बुँदे ज्ञापनपत्र पेश गरिएको थियो ।

# संस्थागत क्षमता विकासका कार्यक्रमहरू

OPR सम्पन्न र स्थगित परियोजना पुनः सञ्चालनमा विगत केही महिनादेखि प्राविधिक कारणले २।२ पटक रोकिन पुगेको दलित सशक्तीकरण परियोजनाको १० वटै जिल्लामा चालु कार्यक्रम मुल्यांकन कार्य (OPR) सम्पन्न भएको छ । सो OPR अनुसार स्थानीयस्तरमा परियोजनाका गतिविधिहरू निरन्तर चलिरहेको अवस्थामा परियोजना एकाएक रोकिन पुग्दा जिल्लामा काम गर्न कठिनाई भएको यथार्थ सो OPR रिपोर्टले सिफारिस गरेको छ ।

ईएसपी, दातृ संस्था मातहतमा आएको लेखापरिक्षण टोली तथा दलित गैरसरकारी संस्थाको एक टोलीले गरेको अनुगमनमा जिल्लामा कार्यसमितीमा हुने विवाद वाहेक खासै ठूला त्रुटीहरू भेटिएको थिएन । तदनुरूप सो OPR टोलीले गरेको सिफारिसका आधारमा रोकिएको परियोजना पुनः संचालनमा आएको छ । परियोजना सञ्चालनमा आईसकेपछि लहान र बाँकेमा योजना कार्यशाला सम्पन्न भई आगामी ४ महिनाका लागि सहभागितामूलक एक रणनीति (Bottom to Top Approach Strategy) निर्माण भइसकेको छ ।

यसैगरी OPR को सुझाव अनुसार ८ जिल्लामा जिल्ला परियोजना अनुगमन समिति DPAC को पुनर्गठन भएको छ । जसमा दलित गैरसकारी संस्था जिल्ला कार्यसमितिका प्रतिनिधिहरूका अतिरिक्त जिल्ला विकास समिति, शिक्षा कार्यालय, जिल्ला घरेलु तथा साना उद्योग, पशुसेवा विभाग, महिला संघ, वन कार्यालय, सहकारी कार्यालयलाई पदेन सदस्यको रूपमा रहेका छन् ।

सवै जिल्लाका DPAC को वैठकसमेत सम्पन्न भई आगमी कार्ययोजना निर्माण गरेको छ । सो कार्ययोजना अनुसार दलित समुदायको आर्थिक पहुँच निर्माणका लागि ती संघसंस्थाहरूले दलित विद्यार्थीका लागि निःशुल्क शिक्षा दिने प्रतिवद्धता जनाएका छन् ।

त्यसैगरी केन्द्रीयस्तरमा रहेको केन्द्रीय परियोजना सल्लाहकार कमिटी CPAC ले महासंघ केन्द्रीय कार्यालयसँग समेत छलफल गरेको छ । सो अनुसार ८ वटा परियोजना जिल्ला DPAC सँग भरखरै छलफल र कार्यक्रमहरूको अनुगमन सम्पन्न भएको छ ।

सो छलफलमा विपन्न दलितका लागि शिक्षा स्वस्थ्यमा जिल्लाको श्रोत साधनबाट सहयोग उपलब्ध गराउने, जिल्लाको आन्तरिक वजेट तथा परियोजनाको वजेटबाट दलितहरूलाई कृषी उत्पादनका तालिम, विऊ-विरूवा दिने र सहकारी विकासमा सरिक गराउने विषयमा छलफल भएको छ ।

# महासंघ र निर्वाचन आयोगबीच राजनीतिक पार्टी दर्ता ऐनका सम्बन्धमा छलफल

यस महासंघद्धारा सञ्चालित सशक्तीकरण परियोजनाको कार्यक्रमस्वरूप महासंघसँग आवद्ध राष्ट्रियस्तरका सदस्य संस्थाहरूका प्रतिनिधिहरूसहित अप्रिल १९, २०११ का दिन निर्वाचन आयोगको कार्यालयमा संयुक्त बैठक सम्पन्न भयो ।

यस बैठकको मुख्य उद्देश्य राजनीतिक दलहरूलाई समावेशी बनाउने, दलितहरूको लागि निर्वाचन प्रणाली समानुपातिक बनाउनुपर्ने र फोटो सहितको मतदाता परिचयपत्र बनाउनुपर्ने सन्दर्भमा थियो । यस बैठकको परिणामस्वरूप, दलितहरूको प्रतिनिधित्वलाई सुनिश्चित गर्नका लागि पूर्ण समानुपातिक प्रतिनिधित्वसहितको निर्वाचन प्रणाली अवलम्बन गर्नका लागि थप छलफल चलाउने निर्णय भयो ।

त्यसैगरी, दलितहरूको समावेशीतालाई सुनिश्चित गर्नका लागि प्रत्येक राजनीतिक दलहरूले दर्ता गर्न आउँदा नै उनीहरूको पार्टीमा दलितहरूको अनिवार्य समावेशीतालाई मध्यनजर गरेरमात्र दर्ता प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको थियो ।

# छुवाछूत मुक्त घोषणा कागजमा मात्रै सीमित

काठमाडौं, जेठ २१ ।

छुवाछुत मुक्त राष्ट्र घोषणा गरिएको छैठौं वर्ष पूरा भइसक्दासमेत सो छुवाछुत मुक्त राष्ट्र घोषणा व्यवहारमा कार्यान्वयन हुन नसकेको दलित अधिकारकर्मीहरूले बताएका छन् । दलित गैरसरकारी संस्था महासंघले राजधानीमा आज आयोजना गरेको छुवाछुत मुक्त राष्ट्र घोषणा कार्यान्वयनको अवस्था र वर्तमान चुनौती विषयक अन्तरक्रियामा बोल्ने वक्ताहरूले यस्तो बताएका हुन् ।

कार्यक्रममा बोल्ने अधिकांशले राजनीतिक दलहरू दलित समुदायका समस्या समाधान गर्न गम्भीर नहुनाले समस्या जस्ताको तस्तै रहेको बताउनुभयो । जातीय विभेदका घटनाका दोषीलाई राजनीतिक संरक्षण मिल्नाले नै दोषीलाई कारबाही हुन नसकेको भन्दै उनीहरूले आक्रोश पोखेका थिए । साथै जातीय व्यवस्था अन्त्य नगरेसम्म सिंगो मानव समाजको विकास हुन नसक्ने उनीहरूको ठोकुवा थियो । वि.सं. २०६३ जेठ २१ गते सरकारले नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको थियो ।

# क्षेत्रीय कार्यालयहरूमा सूचना केन्द्रको स्थापना

केन्द्र । दलित सशक्तीकरण परियोजनाको सहयोगमा दलित गैरसकारी संस्था महासंघको केन्द्र र चारवटा क्षेत्रीय कार्यालयहरूमा दलित सूचना केन्द्रहरू स्थापना भएका छन् । पुर्वाञ्चलको इटहरी, पश्चिमाञ्चलको पोखरा, मध्येपश्चिमको नेपालगञ्ज र सुदुरपश्चिमको कैलालीमा स्थापित यस्ता सूचना केन्द्रहरूले दलित विषयमा अध्ययन अनुसन्धान गर्नेहरू तथा दलित अधिकारकर्मीलाई दलितको हित विकास र घट्नाका वारेमा जानकारी प्रदान गर्ने कार्यमा मद्दत पुर्‍याईरहेका छन् । यी सूचना केन्द्रहरूले जिल्लामा कुनै घट्ना घट्यो दलित अधिकारकर्मी पत्रकार एवं जिल्लाका सरोकारवालालाई तुरुन्तै जानकारी दिने र त्यस्ता घट्नाका विरुद्ध सवै पक्षलाई संगठित गराउने कार्यमा यी सुचना केन्द्रहरू उपलब्धीमुलक मानिएको छ । यसका अतिरिक्त यी सूचना केन्द्रहरूले प्रहरी प्रशासन, सरोकारवाला, विभिन्न दलित संघसंस्था, पत्रकारहरू राजनीतिकर्मीहरूसँग दलितका समसामयिक विषयमा अन्तर्कृया गराउने र दलितका सवालमा सजग गराउने काम समेत गर्दै आएका छन् ।

सूचना केन्द्रहरूले सेते दमाई हत्याकाण्डदेखि मनवीर विश्वकर्मा घट्नाका विषयमा होस् या अन्तरजातीय विवाहमाथि थुनछेक हुने घट्नामा विभिन्न समयमा छलपल गर्ने, घट्नाको विवेचना गर्ने, स्थलगत निरिक्षण लागि सूचना दिई सहयोग गर्ने गरेको छ । यसका साथै हेटौंडामा (मार्च १७ देखि १९ सम्म) र कैलालीमा भएको दलित सूचना मेलामा दुवै क्षेत्रका सूचना केन्द्रले आआफ्ना प्रकाशन, अध्ययन अनुसन्धान र सूचनाकेन्द्रमा संकलित अन्य पुस्तक तथा पोष्टरहरू उपलब्ध गराई मेलालाई भब्यताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याएका थिए ।

केन्द्रीय कार्यालयमा स्थापना गरिएको स्रोतकेन्द्रले दलितसम्वन्धी जानकारी लिन खोज्ने जोकोहीलाई पनि आधारभूत जानकारी प्रदान गरेको छ । यसैगरी स्रोतकेन्द्रलाई नै आधार मानी यसको क्षेत्रलाई ब्यापक गराउनका निमित्त ***"दलित संवाद केन्द्र"*** का रूपमा विभिन्न प्रकारका वर्तमान मुद्दाहरूमा संवधित सरोकारवालाहरूसँग संवाद समेत सञ्चालन गर्दै आइरहेको छ । यसको परिणाम स्वरूप, यी सरोकारवालाहरूसँग यस महासंघको थप सम्वन्ध विस्तार हुँदैगएको छ । यस स्रोतकेन्द्रद्धारा सञ्चालन गरिएको Help Line Desk ले महासंघमा दर्ता हुन आएका दलित सम्वन्धी मुद्दाहरूलाई सहजीकरण गरि पीडितलाई न्याय दिलाउने कार्यसमेत गर्दै आइरहेको छ । जसअनुसार महासंघको पुर्वाञ्चल क्षेत्रीय कार्यालयले मोरंग मधुमल्लामा भुपाल श्रोष्ठले रामचन्द्र वराइलीमाथि गरेको कुटपिट र दाङका सन्तोष सुनार र कल्पना कोईरालावीच भएको प्रेम विवाहका लागि कानुनी सहयोग र मुद्दा दर्ताका लागि समन्वय गरी पीडकमाथि मुद्दा दर्ता गर्ने काम सो सूचना केन्द्रहरूबाट भएका छन् ।

# दलित सशक्तीकरण परियोजनामा नयाँ म्यानेजर नियुक्ति

केन्द्र । लामो समयदेखि रिक्त रहँदै आएको दलित सशक्तीकरण परियोजनामा ओमशंकर मुल्मी नियुक्त हुनुभएको छ । यो भन्दा अगाडि संयुक्त राष्ट्रसंघको परियोजनामा काम गर्दै आउनु भएका मुल्मीले विगत ३१ वर्षदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमा रही लामो अनुभव संगाल्नु भएको छ । उहाँसँगै रिक्त रहेका लिभलीहुड अधिकृतहरू समेत नियुक्त भएका छन् । जसअनुसार केन्द्रमा हेर्नेगरी मथुरा खनाललाई छनौट गरिएको छ । खनालले १५ वर्षदेखि सरकारी तथा गैरसरकारी निकायमा रही अनुभव हासिल गर्नु भएको थियो ।

त्यसैगरी वाँकी क्षेत्रीय कार्यालयहरूका लागि तपसील अनुसाकार अधिकृत नियुक्त भएका छन् । जसअनुसार पुर्वाञ्चलका लागि मनमोहन पासवान पश्चिमाञ्चलका लागि प्रकाश विश्वकर्मा, मध्यपश्चिमाञ्चलका लागि वीरहादुर सुनार र सुदूरपश्चिमाञ्चलका लागि विनोद कडाँरा नियुक्त हुनुभएको छ ।

# कार्ययोजना निर्माण कार्यशाला गोष्ठी सम्पन्न

लहान र बाँके । योजना तथा रणनीति निर्माणका लागि गएको अप्रिलदेखि जुलाईसम्म महासंघले विभिन्न स्थानमा कार्याशाला गोष्ठीहरू सम्पन्न गरेको छ । गएको मार्च महिनाको २५ र २६ तारिखमा लहान र नेपालगञ्जमा छुट्टाछुट्टै कार्यशाला गोष्ठीहरू आयोजना गरिएको थियो ।

पूर्वाञ्चलको सिराहा, सप्तरी, रौतहट र महोत्तरीका परियोजना जिल्ला र क्षेत्रहरूलाई समेट्ने गरी लहानमा एउटा कार्यशाला भएको हो भने पश्चिमका वैतडी, कैलाली, बाँके, सुर्खेत, स्याङ्जा र वाग्लुंग समेटिन गरी नेपालगञ्जमा सोही किसिमको रणनीति कार्यशाला गोष्ठी सम्पन्न भएको छ । पश्चिम क्षेत्रको कार्यशाला गोष्ठीमा अध्यक्ष प्रत्यक्ष सहभागी हुनुहुन्थ्यो भने पुर्वक्षेत्रको कार्यशालामा महासचिव, सशक्तीकरण परियोजनाका म्यानेजर ओमशंकर मुल्मी आफैं सहभागी हुनुभएको थियो । दुवै कार्यशाला गोष्ठीले सहभागितामुलक चार महिने कार्ययोजना निर्माण Bottom Approach रणनीति गरेको थियो ।

# संस्थागत विकास तालिम सम्पन्न

केन्द्र । महासंघले संस्थागत विकासका लागि एक म्यानुअल तयार गरेको छ । उक्त म्यानुअलको आधारमा परियोजना क्षेत्रभरीका ३० जना सामाजिक उत्प्रेरकहरूलाई लक्ष्य गरी काठमाडौंमा संस्थागत विकास (TOT on OD Management) तालिम प्रदान गरेको छ । महासंघको आन्तरिक क्षमता विकास लक्ष्य अन्तर्गत गरिएको सो तालिममा विभिन्न संघसंस्थाबाट प्रतिनिधत्व भएका २७ पुरुष ३ महिलाहरू सहभागी भएका थिए । त्यस तालिमबाट सहभागीहरूले संस्थाको लक्ष्य उदेश्य, रणनीति, दृष्टिकोण तथा परिकल्पना कसरी निर्माण गर्ने कसरी प्रस्ताव तयार पार्ने र कार्यक्रम सम्पन्न भईसके पछि रिपोर्ट कसरी बनाउने तथा स्थानीय तहमा कार्यक्रमलाई कसरी प्रभावकारी ढंगले सञ्चालन गर्ने भन्ने विषयमा जानकारी लिएका छन् । महासंघमा आवद्ध भएका विभिन्न सदस्य संस्थाहरू ५ क्षेत्रीय कार्यालयमार्फत प्रतिनिधित्व गर्नु भएका प्रतिनिधि तथा जिल्लाका कार्यसमितिका सदस्यहरूले सो विषयमा ज्ञान लिएका छन् ।

# जीविकोपार्जनमा महिला

परियोजनामार्फत दलित परिवारको जिविकोपार्जनमा सहयोग पुऱ्याउन परियोजना सञ्चालन भएका १० जिल्लाका ८० वटै गाविस महिला आय आर्जन तथा वचत समुह गठन भएको छ । उक्त जिविकोपार्जन समुहलाई जिल्ला निगरानी समुहको सहजीकरणमा समुहमा वचत संकलन गर्ने तथा सो वचत लाई ऋृणमा लगानी गर्ने र सो ऋृण रकम ब्यक्तिगत तथा समुहगत कृषी उत्पादन गरी वजारमा बिक्री गरी समुहका महिलालाई आर्थिक रूपमा लाभ प्रदान गर्ने अभिप्रायले सो समुह गठन गरिएको हो ।



# दलित विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण

दलित सशक्तीकरण परियोजनाले निःसहाय, गरिव दिलित विद्यार्थीका लागि छात्रवृति समेत प्रदान गर्दै आएको छ । यस परियोजनामार्फत गत वर्ष एस.एल.सी. दिने ३४० विपन्न दलित जेहेन्दार विद्यार्थीहरूलाई ट्युशन खर्चस्वरूप छात्रवृत्ति प्रदान गरिएको थियो । सो छात्रवृतिको परिणास्वरूप ४२ प्रतिशत दलित विद्यार्थीहरूले एसएलसी पास गरेका छन् । यसैगरी, स्याङ्गजा पेलाकोट गाविसको एक सामुदायिक विद्यालयमा अध्ययनरत अति विपन्न ४० जना दलित विद्यार्थीहरूलाई कापी, कलम तथा विद्यालय पोसाकका लागि छात्रवृत्ति प्रदान गरिएको छ । यसरी स्याङ्जा जिल्लाका ३८४ जना दलित विद्यार्थीलाई छात्रवृति प्रदान गरिएको छ । सो क्षेत्रका अधिकांश सामुदायिक विद्यालयहरू नीजि श्रोतमा चलेका र सोको सञ्चालनका लागि विद्यार्थीबाट शुल्क लिनैपर्ने हुनाले शुल्क तिर्न नसक्ने विद्यार्थीका लागि यस्तो खालको सहयोग गरिएको हो । त्यसैगरी, विद्यालय व्यवस्थापन समितिमा रहेका दलित सदस्यहरूलाई गाविसस्तरीय दलित अधिकार निगरानी समूहमार्फत दलितका लागि शिक्षामा सरकारले व्यवस्थापन गरेका सबै सेवा सुविधाहरूमा अधिकतम् पहूँच अभिवृद्धि गर्नका लागि क्षमता अभिवृद्धि गर्ने कार्यसमेत गरेको छ । यद्यपि, कतिपय विद्यालय गैरदलित शिक्षकहरू आफ्नो

कर्तब्यप्रति इमान्दार नभएको हुँदा नियमसंगत रिकाले छात्रवृति गर्न सकिएको छैन

यसैगरी वैतडी जिल्लाको मनिलेकको नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालयका ६५ जना र पाली गाविसको निम्न माध्यमिक विद्यालयका ४८ जनालाई छात्रवृति प्रदान गरिएको छ । त्यसैगरी वाग्लुंग र स्याङ्जाका २० विद्यालयमा छात्रवृति प्रदान गरेको छ ।

यसै गरी जिल्ला शाखाहरूले सामुदायिकस्तरमा दलित बालबालिकाहरूको भर्ना दर अभिवृद्धि गर्नका लागि विद्यालय भर्ना अभियान सञ्चालन गरि दलित बालबालिकाहरूको भर्ना दर बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । २० प्रतिशत दलित विद्यार्थी भर्ना बढाउने त्यसमा पनि खासगरी वालिकाहरूलाई लक्षित गर्ने र विद्यालयमा ५ प्रतिशत दलित शिक्षक हुनुपर्ने तथा सरकारी तथा गैरसरकारी निकायको कार्यक्रम, सेवा सुविधामा दलितलाई बढी प्राथमिकता दिनुपर्ने लक्ष्य सहित सञ्चालन गरिएको भर्ना अभियानमा .... जिल्लामा २४ जना दलित विद्यार्थी भर्ना भएका छन् ।

# लहानका दलितलाई सहकारी तालिम



लहान । सिराहा जिल्लामा सञ्चालित दलित सशक्तीकरण परियोजनाको समन्वयमा दलितलाई वचत तथा ॠण कसरी परिचालन गर्ने भन्ने सन्दर्भमा एक दिने तालिम सम्पन्न भएको छ । जिल्ला सहकारी विभागले परियोजनाका अन्तर्गत वचत तथा ॠण समुहमा आवद्ध भएका ८ वटा समुहका २३ जनालाई सो तालिम प्रदान गरको थियो । १७ महिला तथा ८ जना पुरूषले सहकारीको महत्व, समुहमा वचत कसरी संकलन गर्ने, कुन तौरतरिकाले ॠण परिचालन गर्ने तथा त्यसको हिसाव किताव कसरी राख्ने कसरी ॠण असुली गर्ने भन्ने लगायतका विषयमा तालिम प्राप्त गरेका थिए । सो तालिम पछि जिल्ला सहकारी विभागले तालिम लिएका समुहलाई भविश्यमा अन्य सहयोग समेत उपलब्ध गराउने वचनवद्धता ब्यक्त गरेका छन् ।

# दलितलाई स्वास्थ्य सेवामा सहयोग

स्याङ्जा । महासंघले दलित सशक्तीकरण परियोजनामार्फत दलितलाई स्वास्थ्य सेवा र सहजीकरण सहयोग समेत गर्दै आएको छ । रौहतटमा शुस्मा मेमोरियल ट्रस्टको समन्वयमा गरिव परिवारका महिलाका लागि ३ दिने पाठेघर खस्ने समस्याका विरूद्ध अभियान सञ्चालन भएको थियो जसबाट १२ जना महिलाले निःशुल्क चेकजाँच सेवा प्राप्त गरेका थिए ।

त्यसैगरी सो अभियानले सुत्केरी अवस्थाका महिलालाई पनि वच्चा जन्माउनुअघि र पछि अपनाउनु पर्ने सावधानीका वारेमा सल्लाह सुझाव र निःशुल्क चेकजाँच सुविधा प्रदान गरेको छ, जसबाट हटिया गाविसकी रिता गन्धर्व, नरेठाटी गाविसकी कोपिला परियार, हटिया ७ की मनरूपापरियार, हटिया ६ कै शोभा परियारले सो सो सेवासहित जनही १५०० का दरले नगद पाप्त गरे । साथै तिनले सुत्केरी हुँदा राज्यले प्रदान गर्ने सेवा सुविधाका वारेमा जानकारी पाएका छन् ।

स्वास्थ्य अभियानमा विशेषगरी स्वास्थ्य चौकीमार्फत सरकारले निःशूल्क वितरण गर्ने औषधीहरूको सम्बन्धमा दलित निगरानी समूहमार्फत सबैले देख्ने गरी निःशूल्क औषधीहरूको सूची तयार गरी स्वास्थ्य चौकीको सूचना पाटीमा सबैले देख्न र बुझ्न सक्ने गरी टाँस्ने कार्य भएको छ । जसका कारण ग्रामीण भेगका जनताहरू सहज

रूपमा औषधी उपभोग गर्न पाउने भएका छन् । त्यसैगरी, स्वास्थ्यकर्मीहरूलाई समेत समुदायका जनताहरूप्रति उत्तरदायी हुन थप दबाब सिर्जना गरेको छ ।

विशेष गरी, यस सशक्तीकरण परियोजनामा व्यवस्था गरिएको स्वास्थ्य सङ्कटकालिन कोषद्धारा गाविसमा भएका अति विपन्न महिलाहरू, जो पाठेघर खस्ने समस्याबाट ग्रसित छन् उनीहरूको निःशूल्क औषधोपचारमा समेत सहयोग गरेको छ । हालसम्म सबै परियोजना सञ्चालित जिल्लाहरूका करिब २० जना महिलाहरूलाई प्रत्यक्ष रूपमा यो कोषबाट औषधोउपचारका लागि सहयोग प्रदान गरिएको छ । यसबाहेक, समुदायमा झाडापखालाबाट बच्नका लागि जनचेतनामूलक कार्यक्रमहरू पनि सञ्चालन भएका छन् ।

# आर्थिक विकासका सम्भावनामा अध्ययन

दलित निगरानी समुहले स्याङ्जा जिल्लाका विपन्न दलितको आर्थिक सम्भावना विषयमा एक अध्ययन सम्पन्न गरेको छ । दलित सशक्तीकरण परियोजनाको सहयोगमा अध्ययन भएको सो प्रतिवेदनले त्यस्ता दलित युवालाई मोवाईल मर्मत तालिम, प्रौढलाई वेत तथा वाँसको फर्निचर निर्माण तालिम तथा महिलाका लागि वंगुरपालन तथा अर्गानिक तरकारी खेतीसम्वन्धी साना उद्योग ब्यवसाय गर्न सकिने सम्भावना देखाएको छ । उक्त उत्पादनको वजारका सम्भावना समेत रहेकोले सो उद्योगमा सहयोग पुऱ्याई दलितको आर्थिक स्थितीमा सुधार ल्याउन महासंघले नयाँ कार्यक्रम बनाउन पर्ने प्रतिवेदनले सुझाव दिएको छ ।

# स्थानीय निकायमा दलितका लागि बजेट निर्धारण

बैतडी । दलित सशक्तीकरण परियोजनाको समन्वयमा दलित गैरसरकारी संस्था महासंघ वैतडीले गरेको निरन्तर छलफल र पैरवी कारणले वैतडीको दशचथ चन्द्र नगरपालिकाले दलितका लागि छुट्टै वजेट छुट्याएको छ । जिल्लाका विपन्न दलितका लागि भनेर जम्मा रु ४ लाख ४३ हजार ४२५ रूपैंयाको वजेट विभिन्न आयमुलक कार्यक्रमका लागि निर्धारण गरेको हो । उक्त रकम बाख्रापालन, तरकारी खेती र अन्य आयआर्जनका लागि खर्च हुनेछ । जसअनुसार दलितका लागि १२५,०००, वढीखेतान ५०,०००। पल्लाचौडलीमा ५०,०००, जर्ज वडा नं ३ मा ५०,०००, नवलीका लागि ८५,८५० र सित्तडका दलितका लागि ८२,५७५ रूपैया वजेट छुट्टयाईएको छ ।

त्यसैगरी गाविस परिषदसँगको महासंघको निरन्तर पैरवीका कारण कैलालीको फुलवारी र मालाखेती गाविसले समेत दलितका लागि वजेट विनियोजन गरेका छन् । मालाखेती गाविमसा ९०,००० र फुलवारी गाविसले ४०,००० छुट्टयाईएको सो रकम विपन्न दलितको आयआर्जन तथा जिविकोपार्जन एवं स्वास्थ्य, सरसफाईका लागि खर्च गरिने भएको छ ।

# छायाँ दलित परिषद् गठनको माग

वैतडी । वैतडीका दलित अधिकारकर्मी र राजनीतिक जनवर्गीय संगठनका कार्यकताहरूले सदस्य संस्थाहरूसँगको निरन्तर वैठक र छलफल पश्चात जिल्ला विकास अधिकारीलाई जिल्ला र गाविसमा छुट्टै दलित परिषद गठन गर्नुपर्नेसहितको १९ वुँदे मागपत्र पेश गरेका छन् । जिल्ला र गाविसमा वजेट र कार्यक्रमको सही सदुपयोग गर्न, बढीसे बढी दलितलाई उक्त वजेट तथा कार्यक्रमले लाभान्वित तुल्याउन छुट्टै परिषद बनाउनुपर्ने निष्कर्ष निकालेको हो । उक्त कार्यक्रमको समन्वय दलित सशक्तीकरण परियोजनाले गरेको थियो ।

त्यसैगरी रौतहट जिल्लामा पनि दलितका लागि वजेट निर्धारण गरी छुट्टै कार्यक्रम दिनुपर्ने विषयमा मार्च ७ मा एक कार्यक्रम अन्तर्कृया सम्पन्न भएको छ । उक्त कार्यक्रमले वजेट र कार्यक्रम बनाउदादेखि कार्यक्रमको अनुगमन र मुल्यांकन गर्दामा समेत दलितलाई समावेश गराउनुपर्ने र जिल्ला तथा गविसमा ५० प्रतिशत दलितको प्रतिनिधित्व गराउनु पर्ने निष्कर्ष निकालेको छ । जवकि हाल जिल्लामा २ जना मात्र दलितलाइ समावेश गरेको पाईन्छ । साथै समग्र वजेटको १३ प्रतिशत दलितका लागि छुट्याउनु पर्ने र जिल्लालाई छुवाछुत्तमुक्त बनाउनुपर्ने सहितको निष्कर्ष निकाली जिल्ला विकास समिति र जिल्ला प्रशासन कार्यलयसँग पैरवी भएको थियो । उक्त दुवै कार्यक्रमहरू दलित सशक्तीकरण परियोजनाको सहयोगमा सम्पन्न भएको थियो ।

## रेडियो कार्यक्रम

सुर्खेत । दलित सशक्तीकरण परियोजना केही महिना स्थगन भए तापनि १० वटा जिल्लाका स्थानीय रेडियो स्टेशनबाट साप्ताहिक रेडियो कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । सुर्खेत जिल्लाको वुलवुले एफ्एम्बाट विहिवार 'हाम्रो आवाज' प्रसारण हुने कार्यक्रममा कालीकोटमा मनवीर सुनारमाथि भएको हत्या प्रकरणको वारेमा आम जनमानसलाई ब्यापक रूपमा सुसूचित गराउने काम भयो भने थप सो कार्यक्रमले छूवाछूत विध्ययक २०६८ तथा वादी समुदायको संस्कृतिका वारेमा सचेत गराएको थियो ।

## कालोमोसो दलिएको घटनाविरूद्ध अभियान

कास्की । घान्द्रुक गाविस, तालवाराही विद्यालयका प्रधानअध्यापक कर्णवाहदुर नेपालीलाई पानी उद्घाटन गरेको निहुँमा स्थानीय ८ जना गुरूङगहरूले कालोमोसो दलेर गाउँ घुमाएका छन् ।

नेपालीको संयोजनमा भइरहेको खानेपानी योजनाको उद्घाटन समारोहमा पानी उद्घाटन गरेको भनि उनको मानवअधिकारको हनन गर्दै गाउं छोड्न समेत धम्की दिएका थिए । घटनाको जानकारी भएपछि दलित गैरसरकारी संस्था क्षेत्रीय कार्यालय पोखराको सहयोगमा उनले पत्रकार सम्मेलन मार्फत यो घटनालाई सार्वजनिक गरेका थिए । तदनुसार महासंघकै सहयोगमा मंसिर १ गते ८ जना विरूद्धे उजुरी दर्ता गरिएको थियो । त्यसपछि सो अपराधिक घट्नाका विरूद्ध महासंघको समन्वयमा जिल्लास्तरीय संयुक्त संघर्ष समिती निर्माण गरी नेपालीको न्यायको लागि पहलकदमी उठाइएको थियो ।

सो समितीले घट्नाको अनुगमन गरि विभिन्न ब्यक्तिहरू, नागरिक समाज पत्रकार तथा सराकोरवालालाई जानकारी गराउने तथा पत्रकार सम्मेलन गर्ने र दोषीलाई यथासिघ्र कारवाही गराउनका लागि छलफल र पैरवीगर्ने कार्य गरेको थियो । अन्ततः सो कालो मोसो लगाउने गुरूंग समुहलाई हिरासतमा लिई १८ दिनसम्म राखिएको थियो । सो पछि ती उत्पीडिकहरूले माफी माग्दै र जरिवाना तिरेपछि रिहा भएका थिए ।

## जातीय आधारमा घर निकाला र महासंघको पहलमा न्याय

बागलुङ नगरपालिकामा घरवाला दम्पतिले वहालमा बसेर अध्ययन गर्दै रहेका ३ जना दलित किशोरीहरूलाई तल्लो जात भएको भनि घरबाट निकाला गरिदिएका थिए । घरवाला दम्पति लेखनाथ पौडेल, सीता पौडेलले खुनखानी गाविसबाट वाग्लुङमा अध्ययन गर्न आएका कल्पना परियार, सम्झाना परियार र गरिमा विकेलाई २०६८ कार्तिका २७ गते तुरून्त घर खाली गरिदिन भनेका थिए । कल्पना र सम्झना बाग्लुङ प्राविधिक

शिक्षालयमा स्वास्थ्य सहायक अध्ययन गर्न आएका थिए भने गरिमा विके विद्या मन्दिरमा कक्षा ११ मा पढ्दै थिईन् ।

तीनैजनालाई घर छोडिदिन भनेपछि उनीहरूको मानसिक असर पुगी पढाईमा समेत प्रभाव परेको थियो । तर उनीहरू महासंघको सम्पर्कमा आएपछि महासंघले विभिन्न संघसंस्थासँग, दलित अधिकारकर्मीहरूसँग छलफल गरि कार्तिक १९ गते पौडेल दम्पतिका विरूद्ध जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गरेको थियो । त्यसपछि सीता पौडेललाई हिरासतमा लिईएको थियो । परिणामतः पीडक पौडेलले आफ्नो गल्ति स्वीकार्दै ९ हजार जरिवाना तिरी ३ दिनपछि रिहा भएकी थिईन् ।

# 'डुम' भन्दा पीडकलाई जरिवाना

धरान । धरान नगरपालिका वडानं ३ चिनिया चोकमा अक्टुवर ७, २०११ म वडा नं १६ बस्ने ३५ वर्षीय कौशिला राईले सोही वडामा बस्दै आएका १४ वर्षे उमेश मरिकलाई अपशब्द प्रयोग गर्दै गाली गरेकी थिईन । सो घट्ना पछि वालकका वावु उपेन्द्र मरिक महासंघ पुर्वाञ्चलको सम्पर्कमा आएका थिए । महासंघले घट्ना विवरण बुझ्ेपछि पुर्वाञ्चल हेल्प लाईन डेस्कले पीडित वालकको मानहानी भएको अभियोगमा नीज राईका विरूद्ध प्रहरीमा उजुरी गरेको थियो । तदनुरूप, पीडक कौशिला राईलाई पक्राऊ गरि क्षतिपूर्ति वापत ५००० रूपैंया जरिवाना तिराएको थियो । यसरी महासंघ पुर्वाञ्चलको कानुनी सहयोगमा पीडित वालकले न्याय पाएका थिए भने पीडिक राईलाई २ दिन हिरासतमा राखि माफी मगाई छोडिएको थियो ।

# नागरिकता शिक्षा अभियान

दलित गैरसरकारी संस्था महासंघ (डिएनएफ) ले नेपालस्थित संयूक्त राष्ट्रसंघीय शरणार्थी सम्वन्धी उच्चायूक्तको कार्यालय (युएनएचसिआर) को आर्थिक सहयोगमा नेपालका ५ वटा पहाडि र हिमाली जिल्लाहरूमा बसोबास गर्ने नागरिकताविहीन दलित, विपन्न तथा सीमान्तकृत समुदायका महिला र पुरूषहरूलाई नागरिकता प्राप्त गर्न सहजीकरण गर्ने उद्देश्यले "नागरिकता सहयोग परियोजना" संचालन गर्दै आइरहेको छ । यस परियोजनाको पहिलो चरण अन्तर्गतका गतिविधिहरू २० जुन २०११ मा आरम्भ भई ३१ डिसेम्बर २०११ मा सम्पन्न भईसकेका छन् भने सन् २०१२ को जनवरीदेखि डिसेम्बर सम्मको चालु १ बर्षको लागि दोश्रो चरणमा परियोजना कार्यान्वयन गर्नका लागि सम्झौता भई कार्यक्रमहरू संचालन भईरहेका छन् । महासंघले नेतृत्व गरेको यस परियोजनाको मध्य र सुदुर पश्चिमाञ्चल बिकास क्षेत्रका बझाङ्, डडेलधुरा, दैलेख, सुर्खेत र दाङ गरि ५ जिल्लाहरूमा स्थानीय सदस्य संस्थाहरूमार्फत कार्यान्वयन भईरहेको छ ।

परियोजना संचालित सम्पूर्ण जिल्लाहरूमा तोकिएको कार्यक्षेत्र भित्रका गा.वि.स. र बस्तीहरूमा नागरिकतासम्बन्धी सचेतना गोष्ठीहरू आयोजना गरिएको छ । जसमा डिसेम्बर २०११ सम्ममा ५,८४६ जना स्थानीय ब्यक्तिहरू सहभागी भई प्रत्यक्षरूपमा सुसूचित भएका छन् भने ठूलो संख्यामा मानिसहरूले नागरिकता आवश्यकता सम्वन्धमा अप्रत्यक्ष रूपमा जानकारी प्राप्त गरेका छन् ।

त्यसैगरी परियोजना संचालित गा.वि.स.का टोल र वस्तीहरूमा प्रत्यक्ष घरदैलो भेटघाटमार्फत पनि नागरिकताविहिन ब्यक्तिहरूको पहिचान गर्ने र उनीहरूको परिवारलाई नागरिकता अधिकारकासम्बन्धमा जानकारी गराउने कार्य निरन्तर भइरहेको छ । सन् २०१२ को फेब्रअरीसम्ममा जम्मा १५,६९८ नागरिकता नभएका ब्यक्तिहरूको पहिचान गरि सूचिकरण गरिएको छ भने पहिचान भइसकेका नागरिकताविहिन ब्यक्तिहरूलाई आवश्यकताअनुसार परामर्श, दस्तावेजीकरण र लजिष्टक सहयोग गरी नागरिकता प्राप्त गर्न सहीजकरण गर्ने कार्य भईरहेको छ । सन् २०१२ फेब्रुअरीसम्म यस प्रकारको सहयोगबाट नागरिकता प्राप्त गर्ने ब्यक्तिहरूको संख्या ५,०४० पुगेको छ ।

# दलितको नागरिकता समस्याबारे अन्तर्कृया

यस नागरिकता परियोजना अन्तर्गत जेष्ठ ८ र १० गते काठमाडौं इण्द्रेणी कम्प्लेस्कसमा दलित जनवर्गीय संगठन र दलित सभासद र महिला सभासद मञ्चसँग दलितको नागरिकताको सहजता विषय एक कायृक्रम सम्पन्न भएको छ । नयाँ संविधानमा नागरिकताको समस्या समाधान विषयक कार्यशालामा लुमासिंह विश्वकर्माले दलितको नागरिकताको समस्या र त्यसलाई समाधान गर्ने विषयमा एक कार्यपत्र पेश गर्नुभएको थियो । दलितलाई कसरी सहज रूपमा नागकिरता दिलाउन सकिन्छ भन्ने विषयमा संविधानमा मुद्दा उठाउन दलित जनवर्गीय संगठनसँग एका कार्यक्रम भएको थियो भने जेष्ठ १० मा महिला ककस र दलित सभासाद मञ्चसँग सोही विषयमा अर्को कार्याशाला गोष्ठी भएको थियो । महासंघका सभापति गजाधर सुनारको सभापतित्वमा भएको दुवै कार्यक्रममा दलितले आफ्नो थर राखेर नागरिकता बनाउने नीति पहिले नै आईसकेपनि अहिलेसम्म जिल्ला प्रशासन कार्यलयहरूले सहजसँग त्यस्तो नागरिक दिन नमाने, अन्तरजातीय विवाह र वलात्कार भएका महिलाबाट जनमको वच्चाहरू र विदेशमा गर्भधारण गरेर नेपाल फेर्कका महिलाबाट जन्मेका बच्चाहरूलाई नागरिकता पाउन असहज भएको सवाल उठान भएको थियो । त्यसैगरी दोस्रो दिनको कार्यक्रममा अन्तरिम संविधानमा आमा र वुवादुवैको नाममा नागकिरता दिन सकिने प्रवाधानले दुईवटा नागरिकता लिन सकिने प्राविधिक त्रुटि देखापरेकोले अवको संविधानमा आमा वा वुवाको नाममा नगारिकता प्राप्त हुने प्रवाधान राखिनु पर्ने विषयमा सभासदलाई ध्यानाकर्षण गराईएको थियो । त्यसै गरी मधेमा दलित समुदायमा नागरिकताका समस्या झन विकराल रहेको र सुदुरपश्चिममा नागरिकता नभएकै कारणले दलितले राष्ट्रसंघको खाद्य कार्यक्रममा पहुँच नपुगेकोले ती क्षेत्रहरूमा यथासिघ्र छानविन गरी नागकिरता वितरण गर्नुपर्नेमा जोड दिईएको थियो । सो कार्यक्रमा सभासदहरू महिला सभासदहरू, उषाकला राई, पद्मा अर्याल, दुर्गा परियार, कलावती पासवान, सन्तोषी विक र दलित सभासदहरू पुरनसिंह दयाल, सीता बौडेल, परशुराम रम्तेल, तिलक परियार, शम्भुहजारा पासवान र नागरिक समाजका शर्मिला कार्कीलगायतका अधिकारकर्मीले अवको संविधानमा दलितलाई नागरिकता सहज बनाउनु पर्ने विषयमा धारणा राख्नु भएको थियो ।

# मतदाता शिक्षा अभियान

महासंघले IFES को सहयोगमा अगष्ट १, २०११ देखि मतदाता नामावलीमा दलितहरूको अधिकतम् सहभागी बढाउने र उनीहरूलाई दर्तास्थलसम्म जान उत्प्रेरित गर्ने उद्देश्यले मतदाता शिक्षा अभियान संचालन गरेको छ । प्रथम चरणमा ९ वटा जिल्लाहरू (सिरहा, सप्तरी, महोत्तरी, रौतहट, नवलपरासी, रूपन्देही, दाङ्ग, बाँके र सुर्खेत) मा संचालन गरिएको थियो । सो कार्यक्रम दोश्रो चरणमा २०१२ को शुरूदेखि देखि ५ वटा थप जिल्लाहरू (रौतहट, सुर्खेत, नवलपरासी, वाँके र सप्तरी)मा निरन्तर संचालन भईरहेको छ । तर यी मध्ये ३ वटा जिल्लाहरूमा मतदाता नामावली लक्षित गरेकोभन्दा वढी भएको हुँदा उपरान्त कम नामावली दर्ता भएको जिल्लाहरूमा काम गर्ने तयारी भईरहेको छ । महासंघले ती जिल्लाहरूका सवै गाविस/वडास्तरीय छलफल वैठकहरू, घरधुरी भेटघाट, विद्यालय अभिमुखीकरण, पोष्टर, पम्प्लेट, प्रचारप्रसार आदि क्रियाकलाप माध्यमबाट गरी करिव १ लाखलाई मतदाता नामावली संकलन केन्द्रमा दर्ता हुन लागि उत्प्रेरणा दिन सफल भएको छ ।

दोश्रो चरणको अभियानमा निर्वाचन कार्यालयमा दर्ता हुनका लागि सचेतना रणनीति अनुसार सञ्चालन गरिएको थियो भने तेश्रो चरणमा केन्द्रीय निर्वाचन

कार्यालयले निर्धारण गरेको एक महिने दर्ता संसोधन अभियानका लागि दलित मतदाताले दर्ता गराएको नाममा संसोधन गर्ने, नामावली प्रकाशनमा भएका दावी विरोध गर्ने, त्रुटीहरू हटाउने, मिति तथा नाम थर सच्याउने तथा नयाँ दर्ता गर्नका केन्द्र तथा जिल्ला निर्वाचन कार्यालयहरूसँग मिलेर काम गरेको थियो । त्यसका लागि ५ जिल्लाका ५० गाविसमा र वडास्तरमा सडक नाटकमार्फत सचेतना जगाउने, हेल्पडेस्कमार्फत दर्ताका लागि सहजीकरण गर्ने काम भएको थियो । यस्तो प्रचार प्रसारबाट थप २० हजार जनालाई सूचित गरिएको थियो । परिणामतः उक्त जिल्लाहरूमा १६ हजार दलितहरू नयाँ दर्ता हुन आएका थिए । यसरी अघिल्लो चरणको कार्यक्रमसम्म जम्मा ७२ हजारमा पुग्ने लक्ष्य लिईएको सो अभियानमा मे महिनाको अन्त्यसम्म करिव २ लाख दलित समुदायसँग पुग्न सकिएको बताईएको छ ।

# राष्ट्रिय जनगणना अभियान

## (२०६८ जेष्ठ १८ देखि २०६८ भदौ १५ सम्म)

नेपाल सरकार तथ्यांक विभागले २०६८ साल असार ३ गतेदखि १३ गतेसम्म ११ औं राष्ट्रिय जनगणना सम्पन्न गरेको छ । पहिलो चराणमा घरधुरी सर्वेक्षण र दोश्रो चरणमा गणना र सूचना संकलन गरेको विभागले सन्तुष्टि असन्तुष्टिका बीचमा गणना गरेको थियो । यस जनगणनाका लागि ४४ हजार गणक र ९ हजार सुपरभाइजर र करिव ८०० जना सरकारी पदाधिकारी अनुगमनका लागि खटिएका थिए ।

दलित गैरसरकारी संस्था महासंघले समेत दलित समुदायको प्रतिनिधित्वको रूपमा राष्ट्रिय जनगणनालाई सफल बनाउन दलितको जनगणना सुनिशचीतता अभियान सम्पन्न गरेको छ । महासंघले अभियान शुरुहुनुभन्दा अघि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. जगदिशचन्द्र पोखरेल र माननीय सदस्य पुस्कर बज्राचार्य र तथ्यांक विभागका महानिर्दक उत्तमनारायण मल्ल उपमहानिर्देशक विकास विष्ट, कार्यकारी निर्देशक रूद्र सुवाल तथा दलित गैरसरकारी संस्थामहासंघको तर्फबाट अध्यक्ष, गजाधर सुनार, महासचिव जेवि विश्वकर्मालगायतका संघसंस्थाका प्रतिनिधिवीचमा २०६७ चैत्र २१ गते सम्झौतामा हस्ताक्षर भइ त्यसलाई केन्द्रीय तथ्यांक विभागले २०६८ वैशाख ८ गते यस महासंघ लगायत ७५ वटै जिल्लाका जनगणना समन्वय समितीहरू र जिल्ला जनगणना कार्यालयहरूमा सर्कुलर गरि अभियानको थालनी गरेको थियो । सम्झौताहरू यस प्रकार छन्

- केन्द्रीय तथ्याङ्क विभाग आफ्नो केन्द्रीय उच्चस्तरीय समिति, प्राविधिक समिति र अन्य उपसमितिहरू तथा जिल्लास्तरीय जनगणना संयन्त्रहरूमा दलितको प्रतिनिधित्व गर्ने
- विभागले गणक र निरिक्षकमा दलितहरूलाई समानुपातिक प्रतिनिधित्वको आधारमा संलग्न गराउने
- विभागले आफ्नो निर्देशिकामा राष्ट्रिय दलित आयोगद्धारा तयार पारिएको दलित जातिको अनुसूचीहरू आफ्ना गणक तथा निरिक्षकहरूलाई राख्ने
- केन्द्रीय तथ्याङ्क विभाग सङ्कलित तथ्याङ्कहरूको कोडिङ र प्रोसेसिङकाक्रममा दलित प्राविधिकलाई राख्ने
- केन्द्रीय तथ्याङ्क विभाग आफ्ना गणक तथा निरिक्षकहरूलाई जनगणना सम्वन्धी विशेष तालिम प्रदान गर्दा दलित बुद्धिजीविद्धारा दलितसम्वन्धी आधारभूत सूचना प्रवाह गर्नका लागि समय प्रदान गर्ने *(तर ती सम्झौताहरु ब्यवहारमा कुनै लागु भएको पाइएन)*

यस अभियानका लागि महासंघले विशषेत : सेचतना र अनुगमनको रणनीति अपनाई अभियान सञ्चालन गरेको थियो । सो अन्तर्गत सर्वसाधारणको सूचनाका लागि विशेषतः राष्ट्रिय जनगणनाको प्रचारप्रसार, सहि

सूचना भन्न अभिप्रेरणा दिने, जनगणनाको अनुगमन र दवाव, आमसञ्चार (Public media) को परिचालन गरिएको थियो । महासंघले नौंवटा साझेदार सदस्य संस्थामार्फत ७३ जिल्लामा (मनाङ र काठमाडौ वाहेक) १६०० कर्मचारी र स्वयंसेवक परिचालन गरेको थियो भने नागरिक समेचतनाका लागि १५ हजार पोष्टर र ३८ हजार नागरिक अपिल छापी प्रत्येक गाविसमा पुऱ्याइएको थियो । यस अभियानमा ९ वटा संस्थाहरूले तपसीलका जिल्लाहरूमा अभियान सञ्चालन गरेका थिएः

१ **DNF** – डडेल्धुरा, कञ्चनपुर, कैलाली, बाँके, सल्यान, जाजरकोट, गुल्मी, स्याङ्झा, बझाङ, महोत्तरी, दाङ, तेह्रथुम, ताप्लेजुंग, झापा, भोजपुर, रौतहट, ओखलढुंगा, सिन्धुपाल्चोक र काठमाडौं

२ **NNDSWO** – धनकुटा, खोटाङ, काभ्रे, भक्तपुर, नुवाकोट, रापेछाप, म्याग्दी, पर्वत, उदयपुर, पाचथर र सुनसरी

३ **DWO** – जुम्ला, सिन्धुली, रसुवा, मनाङ (कार्यक्रम नभएको), मुगु, अछाम, धादिङ र सोलु

४ **FEDO** – चितवन, मकवानपुर, कास्की, अर्घाखाची, ललितपुर, इलाम, दोलखा, बाग्लुंग र संखुवासभा

५ **NEPSCON** – सुखैत, दैलेख, वर्दिया, रोल्पा, रूकुम, हुम्ला, कालीकोट र डोल्पा

६ **LARC** – कपिलवस्तु, नवलपरासी, पर्सा, सर्लाही र बारा

७ **JUP** – पाल्पा, तनहुँ, लमजुङ्ग, गोरखा, धनुषा र सिराहा

८ **RDN** – दार्चुला, बाजुरा, डोटी र वैतडी

९ **JMC** – प्युठान र रूपन्देही

अभियानको पुर्व तयारीका लागि असार २ गतेभित्र अभियान अन्तर्गतका साझेदार संस्थाहरू र सो संस्थाका जिल्ला समन्वय समिती अनुगमन पदाधिकारीले दलितका अगुवा कार्यकर्ताहरू, राजनीतिक दलका प्रतिनिधिहरू, युवा तथा महिला समुहहरू र सिडियो, एलडिओ, प्रहरी प्रशासनहरूलाई सरिक गराइ आआफ्नो जिल्लामा कम्तिमा १।१ वटा अन्तर्कृया सम्पन्न भएको थियो । ६ जिल्लामा २।२ वटा र २ वटा जिल्लामा ३।३ वटा यस्ता अन्तर्कृया भएका थिए । अन्तर्कृयामा जिल्ला जनगणना प्रमुख, जिल्ला शिक्षा अधिकारी, स्थानीय विकास अधिकारी, जिल्ला प्रहरी अधिकृत, जिल्लास्तरीय दलित नेता, केहीमा सुपरभाइजरहरू सहभागी भई जनगणनालाई कसरी प्रभावकारी तुल्याउने र यसबाट वास्तविक सूचना कसरी प्राप्त गर्ने, गणकहरूलाई सम्वन्धित कार्यमा तदारूकताका साथ केकसरी परिचालन गर्ने भन्ने विषयमा छलफल भएको थियो । र, उक्त अन्तर्कृयापछि सवै जिल्लामा संयुक्त दलित अनुगमन समिति (Dalit Census Watch Group) गठन गरी त्यसलाई अनुगमनका लागि परिचालन गराइएको थियो ।

जनगाण्ना अभियानका लागि ७० वटा विभिन्न जिल्लाका रेडियोमार्फत १ मिनेटको जिंगल निर्माण गरी जनगणनामा भाग लिऔं, सही सूचना दिइ आप्नो अधिकार सुनिश्चीत गरौं भन्ने सूचना प्रवाह भएको थियो । जागरणकै पहलमा उज्ज्यालो नेटवर्क मार्फत ७८ वटा रेडियो ४ वटा भाषा (नेपाली, अवधी, मैथली, डोटेली)मा सोही जिंगललाई निर्माण गरी मुख्य समाचार अघिर पछि गरी दैनिक ५ पटकका दरले प्रसारण गरिएको थियो । यस वाहेक महासंघ आफैंले भोजपुर, ओखलढुंगा, सुर्खेत लगायतका जिललामा स्थानीय रेडियोलाई परिचलान गरेको थियो । यसरी जागरणका आफ्नै नेटवर्कमा रहेका विभिन्न रेडियोले १२ दिनको अवधिमा करिव ५८०० पटक र उज्यालो नेटवर्कको राष्ट्रिय प्रसारणमार्फत नेपाल भरी ६० पटक सूचना प्रसारण गरिएको थियो । त्यसैगरी शहरी क्षेत्रका दलितलाई मध्येनजर गरी राजधानीबाट प्रसारण हुने भारतीय केवल च्यानलहरू- Sony, Z-Cinema, Star Plus र नेपालको ABC टेलिभिजनमा ` जात थर नढाटौं, गणकलाई सत्यतथ्य सूचना भनौं' भनि दिनको ४० पटकका दरले ४ दिनसम्म लगातार सूचना (Scrolling Msatter) प्रसारण गरिएको थियो भने राष्ट्रियस्तरमा नयाँपत्रिका र क्षेत्रीय स्तरमा सुदुरपश्चिमाअञ्चलबाट प्रकाशित हुने दैनिक पत्रिका

सुदुरसन्देश, मध्यपश्चिम नेपालगञ्जको जनआवाज, पश्चिमाञ्चलको पोखरापत्र दैनिक र पुर्वाञ्चलको औजार दैनिकमा सर्वसाधारण दलितका लागि सही सूचना दिन, गणक र सुपरभाइजरका लागि सही सूचना संकलन गर्नका लागि सर्वाजनिक आव्हान गरिएको थियो । यसवाहेक महासंघका अध्यक्ष गजाधर सुनारले News24 टेलीभिजनको राष्ट्रिय प्रसारणबाट सर्वसाधारणका लागि अपिल गर्नु भएको थियो । परिणामतः २.४ प्रतिशत गणकहरू, १.८ प्रतिशत सुपरभाइजरहरू र ५.२ प्रतिशत जिल्ला अनुगमन समितिमा दलितहरूको समावेशीकरण हुनसक्यो भने अघिल्लो जनगणनाको तुलना यसवर्ष धेरैले आफ्ना जात बताएको पाइन्छ भने गणकहरूले समेत तुलनात्मकरूपमा ईमान्दारिताका साथ आफ्नो दायित्व निभाएको पाईएको छ ।

# अन्तर्राष्ट्रिय भ्रमण

महासंघको तर्फबाट विभिन्न कार्यक्रममा भाग लिनका तीनवटा अन्तर्राष्ट्रिय भ्रमणहरू सम्पन्न भएको छ । जसमध्ये जनवरी २०११ मा महासंघका अध्यक्ष श्री गजाधर सुनारले Universal Preodic Review अन्तर्गत नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि-सम्झौता कार्यान्वयनका पुनरावलोकन बैठकमा भाग लिन जेनेभा जानुभएको थियो भने अति गरिव राष्ट्रहरूको अर्न्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन अध्यक्ष गजाधर सुनार जुन २०११ मा टर्की जानु भएको थियो । यसैगरी महासंघका महासचिव श्री जे.बी विश्वकर्मा डिसेम्वर २०११ मा जातीय छुवाछुतबाट प्रभावित दक्षिण एसियाई राष्ट्रहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन बंगलादेशको ढाका जानु भएको थियो ।

त्यसैगरी नोभेम्वर १८ देखि २३ सम्म वंगलादेशमा भएको साउथ एशियन सोसल फोरममा सहभागिता जनाउनका लागि महासंघले आफ्ना सदस्य संस्थाहरू, पत्रकारहरू र राजनीतिक दलका प्रतिनिधिहरू गरी जम्मा ४४ जनालाई भ्रमणका लागि लगेको थियो । टोलीमा दलित नेताहरू रणेन्द्र वराली, दलित वुद्धिजीवी मोती नेपाली, महासंघका उपाध्यक्ष रामलखन हरिजन, सचिव अमृत विश्वकर्मा तथा केन्द्रिय सदस्यहरू तुलसा गौतम, नरवहादुर विश्वकर्मालगायतका दलित अधिकारकर्मीहरू उक्त भ्रमणमा समावेश भएका थियो । सो कार्यक्रमलाई ESP र ActionAid Nepal ले आर्थिक सहयोग गरेको थियो । सो अन्तर्राष्ट्रिय सहभागिताका क्रममा नोभेम्वर १९ मा ActionAid सँगको सहकार्यमा नेपालको संविधान सभा र दलितको अधिकार विषयमा एक अन्तर्राष्ट्रिय अन्तर्कृया भएको थियो भने नोभेम्वर २२ मा महासंघले नेपालका दलितका समस्या र अन्तर्राष्ट्रिय चासो विषयमा अर्को कार्यक्रम आयोजना गरेको थियो । सो कार्यक्रममा ५ वटै दक्षिण एशियाली देशका नागरिक समाजका अगुवाहरूले नेपालको दलित आन्दोलनप्रति एक्यवद्धता जाहेर गरेका थिए । यसक्रममा महासंघले आफ्ना सूचनाहरू प्रवाह गर्नका लागि एक सूचनास्टल राखेको थियो । समापनमा महासंघको नेतृत्वमा नेपालको दलित समस्यालाई अन्तर ाष्ट्रियकरण गर्न एक ऱ्याली आयोजना समेत गरेको थियो ।

त्यसैगरी वंगलादेशमा भएको महासंघको सहभागिताको परिणाम स्वरूप यही २०१२ मे ११ देखि १७ तारिखसम्म बंगलादेशको एकटोली नेपाल आई महासंघको गतिविधिका वारेमा जानकारी लिएको छ । तिरङ्गामूल नारी समाज (SAGDF) संस्थाका प्रतिनिधि लभली आस्मीनको नेतृत्वमा आएको टोलीले दलित गैरसरकारी संस्था महासंघको स्थापना, लक्ष्य उद्देश्य, कार्यक्रम रणनीति र भइरहेका विभिन्न परियोजनाका बारेमा जानकारी लिएको छ भने सो SAGDF ले वंगलादेशमा गरिरहेको विपन्न समुदायको आर्थिक उपार्जनका लागि गरेको गतिविधिका वारेमा जानकारी गराएको थियो । SAGDF र महासंघको संयुक्त पहलमा एक माइक्रो इन्टरप्रेनरसिप सम्बन्धी अन्तरक्रिया कार्यशाला गरिएको थियो भने हस्तकलाका सामानको प्रदर्शनी समेत गरिएको थियो । परिणामतः दलित गैरसरकारी संस्था महासंघ र सो SAGDF वीच समन्वय भई नेपालमा नेपाल वंगलादेश समन्वय समितीको सचिवालय स्थापना गर्ने त्यसको सम्पूर्ण ब्यवस्थापन महासंघले गर्ने सम्भौता भएको छ ।

# छोराले अन्तरजातीय विवाह गर्दा बुबाको हत्या

दैलेखको तोली गाविस वडा नं. २ धनीगाउँमा बस्ने सन्तबहादुर दमाई र राजकुमारी शाही २ वर्ष अघि तिहारमा देउसी भैलो खेल्ने युवाहरूको समूहमा आवद्ध भएर ३-४ दिन अरु साथीहरूसँगै खेले रमाए । यही क्रममा उनीहरूबीच सामिप्यता बढ्यो । यसवीच माइतीले चाल पाएपछि २०६८ जेठ ४ गते दुवैले आपसमा विवाह गर्ने सोचाईले घरबाट भागे । र, सो रात नजिकैको तुसारघारी जंगलमा १ बेलुका बास बसे । उता माईती पक्षले गाउँका एक-एक घर खानतलासी र जंगलमा समेत तीब्ररूपमा खोजी गरे । गाउँले जेठ ५ गते दुवैलाई जंगलमा फेला पारेपछि केटालाई केटाको घरमा फर्काइदिए भने र केटीलाई आफ्नो घरतर्फ लिएर आए । माईतीले त्यही दिन साँझ घर नजिकैको नेपाल राष्ट्रिय माध्यमिक विद्यालय भाङ्घारीको चौरमा स्थानीय ठालु-भलाद्मीहरूको एक भेला बसायो । त्यो भेलाले केटीलाई आफ्नो जातिमा फर्काउने भन्दै केटा पक्षलाई १ हजार नगद र एउटा खसी जरिवाना तिरायो । अनि कुरा मिलाउने दुबै पक्षका मानिसहरू, ठालु-भलाद्मीहरू बसि खसी काटेर खाए ।

तथापि, ठालु-भलाद्मीले केटा र केटीलाई छुट्टयाउन इन्साफ गरे पनि उनीहरूवीचको प्रेम-सम्वन्ध टुटेन । राजकुमारी शाहीलाई माईतीमा परिवारकै सदस्यले "दमाईसँग लागेकी डुमेनी" भनेर अपहेलना गरि नै रहे निरन्तरको सो अपमान सहन नसकि फलतः उनीहरू २०६८ श्रावण २८ गते अन्तरजातीय विवाह गर्ने अठोट गरेर फेरि घरबाट भागे । जव गाउँबाट सन्तबहादुर दमाई र राजकुमारी शाही भागे, त्यसपछि गाउँमा राजकुमारीकी माईली फुपू रत्ना चन्द, उनको छोरा तुलबहादुर चन्द, काका लालबहादुर शाहीको छोरा प्रेमबहादुर शाही र भिनाजु नाता पर्ने गणेश सिंह समेतले श्रावण ३० गते दिउँसो सन्तबहादुरका माइला दाजु सुशील, बुबा सेते दमाई र काईंला बुबा काले दमाईलाई आफ्नै घरमा बोलाई लात्ती-लात्तीले भगुर्नुसँगै र लाठी बर्साएर घाइते बनाएका थिए ।

सन्तबहादुरका माइला दाजु सुशील, बुबा सेते दमाई र काईंला बुबा काले दमाईलाई शाहीहरूले निर्घात कुटेर घाइते बनाइएको दिन साउन ३० गते बेलुका मात्र सन्तबहादुरका जेठा दाजु नरबहादुर भारतबाट घर फर्केका थिए ।

केटी पक्षको डरले दलित बाटो हिड्न त डर छँदै थियो, दमाई परिवारलाई घरमा बस्ता समेत घरमै आएर अपशब्द बोल्दै जथाभावी लाठी बर्साउने र ढुंगाले हान्ने तथा प्रत्यक्ष शारीरिक आक्रमणसँगै तथानाम गालीगलौज गरी मानसिक यातना दिने र सामाजिक अपमान गर्ने जस्ता थुप्रै श्रृंखलापछि सो दिन शाही परिवारलाई घरमै बोलाई कुटपीट गरेको विषयमा सन्तबहादुरकी काकी पवित्रा परियारले साउन ३१ गते इलाका प्रहरीमा निवेदन दिइन् । उजुरीपछि गाउँमा आएको प्रहरी टोलीले दोषीलाई चौकीमा लैजान खोज्दा प्रहरीमा जान मानेनन् वरु उनीहरूले प्रहरीकै सामू निवेदकहरूका परिवारै सखाप पार्ने धम्की दिदै आफ्नै कुरा माथि बनाए । त्यसपछि प्रहरीले पनि गाउंठाउँको झगडा गाउंमै मिलाउनु भनि दुवैपक्षवीचमा मिलापत्रको कागज गरायो ।

प्रहरीकै रहोवरमा मिलापत्रका गरेका माईती पक्षले भित्रभित्रै षढ्यन्त्रको तानावाना बुनिरहेका थिए । सोही योजनाअनुरूप राजकुमारी शाहीको घरमा छलफल भइरहन्थ्यो भने छोराले बुहारी ल्यायो मिलापत्र पनि भयो भनेर सन्तवहादुर उनका परिवार ढुक्क थिए । यसरी नै दुइ हप्ता बितिरहेको थियो । भदौ १३ तीजको दर खाने दिन दिउँसो सन्तबहादुर र राजकुमारी पनि घर फर्किएको र जेठो छोरा नरवहादुर पनि २ साताअघि मात्र भारतबाट घर फर्किएको अवसरमा एउटा बाख्रा काटेर र जातीय परम्पराअनुसार रक्सी पनि व्यवस्था गरी साँझ अवेरसम्म परिवारिक जमघट चल्यो । भेटघाट र धेरैवेर सुखदुःख भएपछि करिव ९ बजेतिर सन्तबहादुर र राजकुमारी माथिल्लो तलामा सुत्न गए भने सन्तबहादुरको जेठो दाजु नरवहादुर र बुबा सेते दमाई चाहिं बाहिरपट्टिको कोठामा ओछ्यान लगाई सुते । सन्तबहादुरको आमा अमृता दमाई, काकी

पवित्रा परियार, सन्तवहादुरकी बहिनी बुद्धिसरा भित्रपट्टि भान्छा कोठामा २ वटा गुन्द्री ओछ्याएर कुरा गर्दै थिए । त्यसवेला सन्तवहादुर दम्पती सन्त दमाई, छोरो नरवाहदुर र बालबालिका भने सबैजसो निदाइसकेका थिए । त्यही वेला तोली गा.वि.स. वडा नं. २ धनीगाउँ बस्ने राजकुमारकी आफ्नै कान्छी फुपू बिन्दकला शाहीको मुख्य योजनामा नारायण नगरपालिका वडा नं. ६ बस्ने जीवन शाही, कृष्ण खत्री, डिल्ली खत्री, सुभास के.सी. लगायतका व्यक्तिहरू राति अन्दाजी साढे ९ बजेतिरको समयमा हुलहज्जत गरी एक्कासी भित्र पसे । त्यसपछि भनी सुख-दुख कुराकानी गरिरहेका महिलाहरूका मुखमा टर्च लगाएर हेर्दै बाहिर सुतेका को हुन् बाहिर निस्के । त्यसको केही क्षणपछि नै अर्को पटक ३ जना नकावधारी ब्यक्तिहरू भित्र पसी ढोकाको नजिकै माथिल्लो तलामा सामान राख्न सजिलो र आगो बाल्दा धुँवा जाओस् भनी बनाइएको प्वालबाट टाउको घुसाई एकजनाले ओथारोमा को छ भनी टर्च लगाएर हेर्न लागे । सन्तबहादुरको काकी पवित्राले त्यसरी माथि हेर्न व्यक्तिको कम्मरमा खुकुरी देखेपछि चिच्च्याउँदै बाहिर निस्केर गाउँ-गुहार गर्न लागिन् । त्यसरी गुहार गर्दा लगतै ब्युँझिएका सन्तबहादुरका बुबा सेते दमाईले 'के हो ? को हो ? किन आ'को ?' भन्दै भित्र पसे । नकावधारी २ मध्ये १ एकजनाले "तेरो छोराले तल्लो जातको भएर पनि माथिल्लो जात ठकुरीको छोरी लाने आँट कसरी गर्‍यो ?" भन्दै मुक्का हान्नथाले । त्यहीवीचमा सेते दमाईले सन्तबहादुर र राजकुमारी सुतेको माथिल्लो तलामा बाहिरपट्टिबाट जान लागेका २ जना नकावधारीलाई रोक्न खोज्दा काँडेदार धारिलो १० इञ्चको चक्कूले सेते दमाईलाई छातिमा प्रहार गरे । सेतेभन्दा पछि ब्युँझिएका सन्तबहादुरका जेठा दाजु नरबहादुर दमाईलाई समेत बाहिर बसेका ५-६ जनाले च्याप्चुप समातेर आगनै नजिक रहेको करिब ४ फीट तल रहेको मकैबारीमा फालि दिए । उनी त्यहाँबाट उठेर फेरी आगनमा आई पुग्दा नरबहादुरलाई समेत खुकुरी प्रहार गर्न खोजे । तर उनले टाढैबाट ढुंगा हान्दा उनीहरू आगँनबाट भागे । नरवहादुरले एकोहोरो ढुंगा हान्दै र लेखट्दै घर पछाडिको गोठमा पुगे । त्यसवेला पुनः २ जना खुकुरी धारी पछाडि आँगनबाट नरबहादुर भएतिर आए । अनि नरवहादुरले भुईंबाट ढुंगा टिप्न निहुरिएको बेला १ जनाले खुकुरी टाढैबाट छोड्वा हाने । खुकुरी उनको दाहिने हातको कुइनामा लाग्यो र उनी रगताम्मे भएर ढले । उनी ढलेकै ठाउँमा ४-५ जनाले जीऊभरी लात्ती, खुकुरीको पाइटा र लठ्ठीले प्रहार गर्दै नरबहादुरलाई करिव १०-११ फीट अग्लो मलखातबाट तल्लोगराको मकैबारीमा हुत्याइदिए । उनी खस्दा उनलाई समाएको १ जना नकावधारी समेत तल उनीसँगै खस्यो । नरवहादुरले त्यसका नकाव खोल्न खोज्दा त्यसले "चुप" भन्दै मुक्का हान्यो भने माथि रहेको अर्को १ जनाले फेरी नरबहादुर लडेकै स्थानतर्फ लक्षित गर्दै माथिबाटै छोड्वा खुकुरी हान्यो । तर त्यो खुकुरीको प्रहार उनलाई लागेन । उनीहरूसँग भएका २ वटै खुकुरी नरबहादुरलाई हान्दा मकैबारीमा खसिसकेकोले उनीहरू हतियारविहीन भएर होला, सबैजना घरबाट पूर्वतर्फ पारिपट्टिको तोलीतर्फ भागे । सेते दमाईको छातीमा भने काँडेदार चक्कु रोपिएकै अवस्था थियो र उनी रगताम्मे भएर भित्रै ढलेका थिए ।

हतियारविहीन भएर हिंसक समूह भागी सकेपछि आफू खसेको मकैबारीमा उठेर घर पछाडिबाट आँगनतर्फ आउन लाग्दा नरबहादुरले बुबालाई छातिमा चक्कू रोपिएको अवस्थामा फेला पारेका थिए । भने महिला तथा बालबालिकाहरूको क्रन्दन बढिरहेको थियो । त्यो क्रन्दन र गुहारले गाउँले छिमेकीहरू जम्मा भए । त्यसपछि स्थानीयवासीहरूको सल्लाहबाट छिमेकी पदम रानाले सेते दमाईको छातिमा रोपिएको चक्कू झिके । गाउँलेहरू धेरै जम्मा भइसक्दा पनि हिंस्रक समूहबाट पुनःआक्रमण हुने डरले सो रात उपचार गर्न लैजाने कसैले आँट गर्नसकेन । तर राति ११ बजे १ घण्टाको दुरीमा रहेको नौमूले इलाका प्रहरी कार्यालयलाई खवर भयो । घटनाको खबर पाए पनि उक्त रात प्रहरी घटनास्थलमा आएन । विहान करिव साढे ८ बजे मात्र नौमुलेबाट आएको प्रहरी टोलीको संरक्षणमा २०६८ भदौ १४ गते विहान ९ बजेतिर गाउँबाट सेते दमाई बोकेर जिल्ला अस्पताल दैलेख लगियो । अस्पताल पुग्दा दिउँसो करिव २ बजेको थियो । जिल्ला अस्पतालमा

प्रारम्भिक उपचारपछि सेते दमाईलाई सुर्खेत क्षेत्रीय अस्पतालमा रिफर गरिएयो अनि जीप रिजर्व गरी साँझ ५ बजेतिर दैलेखबाट प्रस्थान गरी सोहीदिन साँझ ९ बजे मात्र घाईतेहरूलाई सुर्खेत क्षेत्रीय अस्पतालमा पुऱ्याएयो । तर पुऱ्याएलगतै सेतेदमाईको मृत्यू भएको भनी चिकित्सकहरूले घोषणा गरे ।

छोराले अन्तरजातीय विवाह गरेकै कारण सेते दमाईको हत्या भएको खवर देश-विदेशमा फैलियो । छापा र बिधुतीय संचार माध्यमहरूले धेरै महत्व दिएर हत्याको विषय उठाए । भदौ १५ गते दिनभर क्षेत्रीय अस्पताल सुर्खेतले लासको पोष्टमार्टम गरेन । अस्पतालले कहिले सुर्खेत प्रहरीमा जाहेरी दिनुपर्छ भन्यो त कहिले दैलेख प्रहरीको पत्र चाहिन्छ भनेर ढिलासुस्ती मात्र गरिरह्यो । यद्यपि दैलेख प्रहरीले सुर्खेत प्रहरीलाई पत्र लेखीसकेको थियो । स्थानीय छिमेकी रूपेश थापाले सेते दमाई र नरबहादुरको उपचारका लागि जिल्ला अस्पताल दैलेख र त्यहाँबाट सुर्खेत पुऱ्याउन त्यसपछि घरसम्म सेते दमाईको शव वाहनमा ल्याउन सक्दो सहयोग गरे । भदौ १६ गते साँझ सेते दमाईको लासलाई तामे खोला नजिक ल्याएर भोलिपल्ट भदौ १७ गते हिन्दू धर्म संस्कार अनुसार परिवारजनले दाहसंस्कार गरे ।

सेते दमाई बितिसकेको खवर पाउने वित्तिकै सन्तबहादुर दमाईले २०६८ भदौ १५ गते मुलुकी ऐन ज्यान सम्वन्धी महलको १३ (३) नं. बमोजिम हदैसम्मको सजाय गरी पाऊँ भनी जिल्ला प्रहरी कार्यालय दैलेखमा कर्तव्यज्यानको अपराध दर्ता गराए । सो जाहेरीका आधारमा हत्याका मुख्य योजनाकार बिन्दकला शाही, त्यस कार्यमा संलग्न जीवन शाही, कृष्ण खत्री, डिल्ली खत्री, सुभास के.सी. लगायतका ९ जनालाई जिल्ला प्रहरी कार्यालय दैलेखले पुर्पक्षका लागि प्रहरी हिरासतमा लिई अनुसन्धान गरिरहेको छ ।

# चुरोट सल्काएको निहुँमा हत्या

कालिकोट जुविथा वडा नं ४ माइधारामा २०६८ मंसिर २४ गते अर्को निन्दनीय घट्ना घट्यो, दलित माथि । दलितले होटलको चुल्होमा चुरोट सल्काएको निहुँमा दलितमाथि शाही ठकुरीहरूले निर्ममतापूर्वकका हमला गरी हत्या गरे ।

३२ वर्षका मनवहादुर सुनार मीनवहादुर शाही र दीपवाहदुरशाहीकै साथी थिए, उनीहअरु एउटै राजनीतिक पार्टीमा समेत कार्यकर्ता थिए । मंसिर २४ गते राती मनि रशाही दीपवहशादुर शाही स्थानीय वालकुमारी शाहीको पसलामा रक्सी खाईरहेका थिए । साँझको साडे सात वजे वाहिरबाट मनवी मनवीर विश्वकर्मा, होटलमा आए अनि १० रूपैंयाका चुरोट किने । चुरोट सल्काउन चुल्होमा पुगेर चुरोट सल्काउँदै गर्दा चुल्हो नजिकै रहेको पानीको जग ढल्यो । पसल साहु वालकुमारी कमारूले जग ढलको थाहापाएपछि 'तँ डुमलाई कसले चुल्हो छुन भन्यो... ' भन्दै दाउराले कुट्न थाली । त्यससपछि मनवीरले पनि 'डुम नभन है । मेरो घरमा पसेर रँगाको मासु खान हुन्छ, तिमारो चुल्हो छुन हुदैंन, त्यही पनि पसलको....।' भनेर प्रतिवाद गदैगर्दै गर्दा पसलका साहु वालकुमारीका श्रीमान जसवहादुर शाहीले उनलाई 'डुम ! पर जा भन्दै लात्ती हानेर आँगनमा निकाले । एक्लो मनवहादुर आफुमाथि अपमान भएपछि उनले पनि प्रतिकार गर्ने कोशीष गरे । तर जसवह्युदरको घर छाउन आएका मनवीरकै चिनेजानको साथीहरू दीपवहादुर र मीनवहादुर वाहिर निस्केर 'तँ डुमै त होस् नि....!' भन्दै हिर्काउन थाले । रक्सीले मातिएका उनका साथीहरूले मनवीर आफ्नै पार्टीको साथी हो भन्ने पनि ख्याल नगरी उनीमाथि निर्घात मुक्का, लात्ती र दाउराले कुटपिट गर्न थाले । त्यहीवेलामा मनसिंह शाहीले दुवै पक्षलाई छुट्याई घट्नालाई साम्य पार्दै मनवीरलाई सुरक्षा दिदैं उनको घरको आधाबाटोसम्म पुऱ्याईदिए । निर्घात कुटिएका मनवीर अपमान सहँदै रातको ८ वजे आफ्नो घर आईपुगे र श्रीमति रेश्मा सुनारलाई ओछ्यान लगाईदे भन्दै पीडिमा अडेसिए । श्रीमती रेश्माले ओछ्यान लगाईदिएर पानी खुवाउँदै के भो कहाँ कस्ले के गरे भनेर बुझ्दै गर्दा र पुनः भीमवहादुर

शाही र दीपवहादुर शाही घरैमा आइपुगी तथानाम गाली गर्न लागे । ओरालो लागेको मृगलाई बाछीले पनि लखेट्छ भनेझैं पिटाईले शीथिल भइ ओछ्यानमा ढलेका मनवीरलाई शाहीहरूले 'कमारो ! डुम, अझै मरिनस् की के हो ?' रक्सीको जोशमा सुतेकै स्थानबाट तान्दै आँगनमा ल्याई पछारे । अनि उनको छातीमा घुँडा धसेर मुक्का पहार गर्न थाले । एउटा निर्धो र प्राणको पर्खाईमा बसेको मानिसलाई पहलमानले छातीमा घुँडा धसेर पिट्दा कस्तो दृश्य हुन्छ हामी एकक्षण कल्पना गरौं ! तिनीहरूले फेरि थप हमला गरेपछि 'तिमी डुमहरू, कोही पनि वाहिर आयौं भने सवलाई यसैगरी मार्छौं...।' ठूलो स्वरमा गर्जिदै उनीहरू आफ्नो बाटो लागे । घरमा मनवीर श्रीमति रेश्मा र वालवच्चा कहालिन थाले । कुटाईले रगताम्मे भएर ढलेका मनवीरलाई उठाएर ओछ्यानमा राखिन् । एकातिर वालवच्चाहरू कहालिइरहेका थिए भने अर्कोतिर शाहीहरूको डंका र धम्की । अतः घर एकान्तमा रहेकाले र धम्की दिएकाले रेश्मा छिमेकी गुहार्न जान सकिनन् । यद्यपि, राती उनका काका राम सुनार, छिमेकीहरू जंगे सुनार र पर्व सुनार आए । डर धम्की, फेरि परिवारै कुटिने हो की भन्ने त्रासले रेश्मा र सानासाना नानीहरू रातभरी जागै बसे । वल्ल रात कट्यो । *(एउटा रिपोर्टले पीडक दुवै पनि रक्सीले छोडेपछि राती मनवीरलाई रूंग्न आएको भन्ने बुझिन्छ)* अनि भोलीपल्ट विहानै रेश्माले गाउँ गुहारिन । त्यतिवेलासम्म मनवीर अझ सिथील भइसकेका थिए । छरछिमेक आई छलफल भयो । प्रहरीमा उजुरी भयो । स्थानीय मानिस र प्रहरीको छानविन र छलफलमा मनि र दीपवहादुर शाहीले रक्सीको वेहोसीमा गल्ती गरेको भन्दै आफैं उपचार गरिदिने कवुल गरे । अनि मनवीरलाई प्रथमतः अस्पताल लान सुझाव दिए अनुसार गल्छे वजारमा रहेको अ.हे.व. डीलवहादुर शाहीको स्थानीय मेडिकलमा मनवीरलाई पुऱ्याईयो । त्यहाँपुग्दा मनवीर पानीको मात्रा कम भइ पिसाव वन्द भइसकेको थियो । डीलवहादुरले स्लाईन पानी चडाएपछि मनवीरको केही होस आयो । त्यसपछि मेडिकलको सल्लाहअनुसार उनलाई कुट्पिट् गर्ने दुवै र मनवीरका वुवालगायत प्रहरीको सहयोगमा उनलाई म्यान्माचौरमा रहेको जिल्ला अस्पताल लगियो । मनवीरलाई बोकेर अस्पताल लानेहरू उनै पीडक मीनवहादुर शाही र दीपवहादुरशाही थिए । उनको शरीरलाई जिल्लासम्म एकोहोरो बोक्नुपरेपछि दीपवहादुरले 'तैंले जिल्ला देखाईस् । पख् । फर्किऊ न... ।' भन्दै पुनः धम्की दिएका थिए । तर म्यान्माचौर अस्पताल नजिकैको बजारको एउटा होटलमा एकैक्षण विश्राम गर्नलाग्दा मनवीरको मृत्यु भयो । त्यसपछि मनवीरको शवलाई पोष्टमार्टममा लागि फर्काइयो र २७ गते राती उनको शवदहन भयो ।

यता प्रहरीमा उजुर दिएअनुसार प्रहरीले मीनवहादुर शाही र दीपवहादुर शाही लगायत पसलवाला जसवहादुर वालकुमारीलाई समेत हिरासतमा लियो र म्यान्मा जिल्ला प्रहरी कार्यालयमा ल्याई कारवाही चलाईरहेको छ ।

यो घट्नाका वारेमा जिल्लाका दलित अधिकारकर्मीहरूले देशब्यापी प्रचारप्रचार गरे । दलित गैरसरकारी संस्था महासंघ जिल्ला प्रतिनिधिले केन्द्रलाई सूचित गर्नुको अतिरिक्त स्थानीय तहमा रहेका मानवअधिकारकर्मीहरू , राजनीतिक दल, नागरिक समाज, प्रहरी प्रशासन र पत्रकारहरूसँग छलफल गरी हत्यारालाई हदैसम्मको दण्ड दिन अपिल गऱ्यो । तदनुरूप महासंघ केन्द्रीय कार्यालयबाट पौष ५ गते स्थालगत अध्ययनमा गई घट्नाको छानवीन गरी आयो । छानवीनले पसलको चुल्होमा चुरोट सल्काएको निहुँमा पहिले मनवीरमाथि तथानाम गाली गर्दै हातपात भएको र मनवीरले पनि प्रतिवाद गर्न खोज्दा भित्रबाट मनवीरले चिनेजानेका साथीहरू मीनवहादुर र दीपवहादुर आई हमला गरेको, त्यतिमात्र नभई उनीहरू पुनः घरमा आई आक्रमण गर्दा त्यसको चोटले मनवीरको मृत्यु हुन पुगेको पुष्टि भयो ।

महासंघ लगायतका संघसंस्था, राजनीतिक दल, मानवअधिकारकर्मीहरूको आन्दोलनका कारण राज्यबाट मनवीरलाई दलितका सहिद घोषणा गरी १० लाख रूपैयाँ दिने निर्णय भएको छ ।

# अन्तरजातीय प्रेमका कारण दलित युवकको हत्या

नेपाली समाजमा वर्षौदेखी कायम रहेको जातीय विभेद र छुवाछुत प्रथाका कारण एक चौथाई जनता दलित समुदाय तल्लो स्तरको जीवन जीउन बाध्यछन । समाजमा उनीहरूले बिभिन्न वाहनामा बिभिन्न किसीमका बिभेद तथा अपमान सहदै आइरहेका छन । नेपाली समाजमा दलितहरूले भोग्दै आएका विभेदको अन्त्यका लागि विभिन्न समयमा आन्दोलन हुदै आएपनि विभेद घटेको छैन । पछिल्लो समयमा राज्यले दलितहरूका सवाललाई सम्वोधन गर्ने सीमित प्रयास गरेको भएपनि त्यसको प्रभावकारी कार्यन्वयनको अभावमा दलितहरूले छुवाछूतको दुरव्यवहार मात्र हैन मृत्युवरण गर्नसमेत वाध्य छन् । जातीय बिभेद तथा छुवाछुतका कारण दैलेखका सेते दमाई तथा कालिकोटका मनवीर सुनारको हत्या प्रकरणले यसलाई पुष्टि गर्छ । यी दुई घटनाको कानुनी कारवाही सम्पन्न हुन नपाउदै सप्तरीको पन्सेरा गाविसमा अन्तरजातीय प्रेम-सम्वन्धका कारण एक दलित युवकलाई निर्मम्तापूर्वक हत्या गरिएको छ ।

पन्सेरा गाविस छुवाछूतवाट ग्रसित क्षेत्र हो । यस अगाडि पनि यहाँ धेरै छुवाछुतका घटनाहरू भएका छन । सप्तरी जिल्लाको पन्सेरा गा.वि.स वडा. नं ३ निवासी राजकुमार दासका छोरा शीवशंकर दासको स्थानीय सीता चौधरीसँग प्रेमसम्वन्ध भएको हल्ला चलेको थियो । दास लहानमा कम्प्युटर अध्ययन गर्दै थिए । मृतकका दाजु भोला दासका वच्चाहरू सीता चौधरीको घरमा ट्यूसन पढ्ने हुनाले शिवशंकर वच्चाहरूलाई पुरयाउन र लिन जाने गर्दथे । त्यही क्रममा उनीहरूवीच प्रेमसम्वध भएको थियो । यो सम्वन्ध गाउंमा दुइजनामै सीमित रहन सकेन । क्रमशः अन्यले पनि उनीहरूको विषयमा चासो राख्न थाले भने एकदिन सीताको परिवारलाई पनि जानकारी भयो । परिणामतः २०६८ माघ १६ गते श्यामसुन्दर दाससहित मृतक फुटवल खेल्न गएको र सोही समयमा सीताले फोन गरेर मोवाइल लिन बोलाइन् भने सीताका दाजुहरूले पनि मोवाइल लिन आउनु भन्दै शीवशंकरलाई आफ्नो घरमा लगे ।

सोझो र शालिन दलितको छोरो शीवशंकरले उनीहरूको बोलावटलाई सोझै तरिकाले बुझे । २०६८ माघ १६ गते शिवशंकर दास आफ्ना भान्जा श्यामसुन्दर दाससँग स्थानीय जनता मा.वि.को मैदानमा वल खेलेर बसिरहेको अवस्थामा सीता चौधरीका आफन्तहरूले एउटा काम छ भनि बोलाई चौधरी टोलतिर लगे । घर नजिक पुगपछि श्यामसुन्दरलाई 'तेरो काम छैन, जा' भनेर फर्काई दिए । त्यसपछि अचानक 'मालिकको छोरी ताक्ने होईन ?' भन्दै शीवशंकरमाथि हमला हुनथाल्यो । यो भन्दा अगाडि जयकान्त चौधरीले शिवका बुवा राजकुमारलाई 'तेरो छोराले मेरो बहिनीसँग भेटघाट गरिरहेको छ, छोरालाई अलिक सम्झाऊ....' भनेका थिए । यद्यपि, दुवैवीचमा गहिरो प्रेम थियो र उनीहरूले भाग्नेसम्मको तयारी गरिसकेका थिए ।

झमक्क रात भएपछि शिवशंकर घर फर्किए । घर आईपुग्नासाथ उनले पटकपटक वान्ता गरे । उनको शरीरमा चोट नभएपनि घर फर्किदा आलसतालसको अवस्थामा थिए । के कसरी भयो भनेर सोधिखोजी गर्दा शिवले परिवारलाई सीताका दाजुहरूले आफूलाई वीष खुवाए भन्ने उत्तर दिए । घटना लगतै मृतकका वावु तत्काल एम्वुलेन्स मगाई सिरहाको लहान उपचारका लागि लगेका थिए तर स्थानिय अस्पतालले त्यहां उपचार संभव नभएकाले धरान विपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लाने सिफारीस गर्दा मृतकका वुवा राजकुमार दासले लगतै धरानमा उपचार गर्दैगर्दा माघ १८ गते अस्पतालले मृत भएको जनाई पोष्टमार्टम गरी मृत भएको प्रमाणपत्र दियो ।

केटा दलित र केटी गैरदलित भएको कारण तथा जातिय विभेद तथा छुवाछुत कै कारण केटीका परिवारले केटालाई स्वीकार्न नसक्दा यस्तो जघन्य अपराध भएपछि मृतकका वावु राजकुमार दासले माघ २१ गते इलाका प्रहरी कार्यालय कल्याणपुरमा किटानी जाहेरी दिए । तर सो दिन प्रहरीले बिभिन्न वहनामा उजुरी दर्ता नगरेको र प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखलाई पटकपटक

भेटेर दर्ता गर्न आग्रह गर्दा पनि जाँचबुझ मुचुल्का नहेरी उजुरी नलिने भन्दै प्रहरीले दर्ता गर्न मानेन । त्यतिवेलासम्म सीताका दाजुहरू देवकान्त चौधरी, सुरेश चौधरी, दिलीप चौधरी र सुन्दर चौधरी भागिसकेको यस घटनाको प्रारम्भिक सूचना प्राप्त भएपछि दलित गैरसरकारी संस्था महासंघ केन्दीय कार्यालय तथा सप्तरी जिल्ला शाखा, नेपाल पत्रकार महासंघ सप्तरी, समग्र विकास सेवा केन्द्र, राष्ट्रिय समाचार समितिका रिपोर्टर तथा ईन्स्टिच्युट आफ दलित स्टडीज्का प्रतिनिधिहरू घटनास्थल पुगेका थिए । परिणामतः महासंघलगायत स्थानीय संघसंस्था, नागरिक समाज तथा पत्रकारहरूबाट दवाव शुरूहुन थालेपछि स्थानीय प्रशासनले अलि चासो लियो । यद्यपि, महासंघ लगायतका संघसंस्थाहरूले पहल गर्दासमेत उजुरी दर्ता हुन आनेकाने नै भइरह्यो । अन्ततः महासंघको पहलमा हुलाकबाट उजुरी पठाईयो । नेपाल सरकारको कानुनअनुसार हुलाकबाट प्राप्त उजुरी दर्ता गर्नैपर्ने प्रावधान भएकोले जिल्लाप्रहरीले सो उजुरी दर्ता गर्‍यो । यद्यपि हत्याराहरूलाई अझपनि पक्राऊ गर्न सकिएको छैन । अर्थात थप अनुसन्धानको नाममा प्रहरीले समय खेर फालिरहेको छ भने आरोपी माझ हालसम्म प्रहरी पुग्न सकेको छैन । सो सुनियोजित घट्नामा केटी सीतासमेत संलग्न रहेको देखिन्छ । तर सीता स्थानीयस्तरमै रहेता पनि उनलाई प्रहरी पक्राऊ गरेको छैन भने आरोपीहरू देवकान्त चौधरी, सुरेश चौधरी, दिलीप चौधरी र सुन्दर चौधरी गाउंठाउंमै रहेता पनि यो मितिसम्म उनलाई पक्रन प्रशासनले चासो नदेखाएको बुझिन्छ ।

पीडित राजकुमार दास न्यायका लागि काठमाडौं आएर विभिन्न संघ-संस्थालाई गुहारे । महासंघ तथा अन्य संस्थाहरूको पहलमा घटनाका बारेमा मिडिया तथा अन्य सरोकारवालाहरूलाई जानकारी दिँदै प्रधानमन्त्री समक्ष समेत न्यायका लागि अनुरोध गरिएको छ । तर पनि सरकारले उचित चासो दिएको छैन ।